बालविवाह सामाजिक र कानूनी अपराध हो ।
- २० वर्ष नपुगी विवाह नगरौं र नगराऔं ।
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर ०८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 24 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८४

# पर्सा जिल्लामा खेतीयोग्य जमीन घट्दै

प्रस, सेढवा, ७ मङ्सिर/

विगत केही वर्षदेखि पर्सामा खेतीयोग्य सडकखण्डसँगैको मनिहर्वा र निचुटाको बीचमा बिक्री भइसकेका करीब २५ बिघा बनाइएका छन् भने मत्स्यपालनका लागि पोखरी पनि खनिएका छन् ।



पटेर्वासुगौली गाउँपालिका–५ हुलाकी राजमार्गनजीकै बाँझो अवस्थामा रहेको २५ बिघा जमीन । तस्वीरः प्रतीक

जमीन कम हुँदै गइरहेको छ । खेतीयोग्य जमीन अन्य कार्यमा प्रयोग हुन थालेपछि खाद्यान्न उत्पादन हुने जमीन कम हुँदै गएको हो ।

जिल्लाका ग्रामीण भेगमा हुलाकी राजमार्ग, जनता सडक, गण्डक सडक तथा वीरगंज–पोखरिया–भिस्वा सडकको निर्माण भएसँगै यस क्षेत्रका खेतीयोग्य जमीन मासिन थालेका हुन् । खेतीयोग्य जमीनमा उद्योग, कुखुरापालन, गाईभैंसीपालन गर्नुका साथै प्लटिङ हुन थालेपछि खेतीयोग्य जमीन मासिन थालेका छन् ।

उद्योगपतिहरूले यी सडकखण्ड आसपासका खेतीयोग्य जमीन खरीद गरी बाझै राखेका छन् । पटेर्वासुगौली गाउँपालिका वडा नं ५ हुलाकी जमीन अहिले बाँझै छ । त्यस्तै, जीराभवानी गाउँपालिका वडा नं ४ मा दाना फ्याक्ट्रीको लागि ३५ बिघा जमीन खरीद गरिएको स्थानीयले बताएका छन् । स्थानीयवासीका अनुसार हुलाकी सडकखण्ड आसपासका जग्गा उद्योग सञ्चालनका लागि उपयुक्त हुने भन्दै उद्योगपतिहरूले खरीद गरिरहेका छन् । कतिपय जग्गामा उद्योग सञ्चालन भइरहेका छन् ।

त्यस्तै, ठोरी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका तथा पर्सागढी नगरपालिका र वीरगंज महानगरपालिकाका खेतीयोग्य जमीनमा पोल्ट्री फार्महरू सञ्चालनमा आएका छन् । त्यस्तै, कतिपय जमीन घर बनाउन प्लटिङ भइरहेका तथा कतिपयमा बगैंचा

कृषि ज्ञान केन्द्र, पर्साका प्रमुख मुनिलाल प्रसादका अनुसार पर्सामा ५४ हजार ७३२ हेक्टर जमीन खेतीयोग्य रहेको छ । जसमध्ये ४७ हजार १३० हेक्टर जमीनमा खेती भइरहेको र बाँकी जमीनमा बगैंचा तथा पोखरी र जलाशय रहेका प्रमुख मुनिलाल प्रसादले बताए ।

अहिले प्लटिङ, उद्योग सञ्चालन र थप नयाँ पोखरी निर्माण भइरहँदा १० हजार हेक्टर खेतीयोग्य जमीन मासिएपछि हाल ३७ हजार १३० हेक्टर जमीनमा मात्र खेती भइरहेको उनले बताए । खेतीयोग्य जमीनको संरक्षण गर्न नसके वा यस्तै क्रियाकलाप चलिरहे केही वर्षपछि रौतहट जस्तै बाहिरी जिल्लाबाट खाद्यान्न आयात गर्नुपर्ने अवस्था आउने ज्ञान केन्द्रका प्रमुख मुनिलाल प्रसादले बताए ।

# गत वर्षको तुलनामा महानगरको चौमासिक राजस्व दुई करोडले वृद्धि

प्रस, वीरगंज, ७ मङ्सिर/

वीरगंज महानगरपालिका कार्यालयले चालू आवको चार महीनामा गत वर्षको तुलनामा दुई करोडभन्दा बढी आन्तरिक राजस्व सङ्कलन गरेको छ ।

वीरगंज मनपा राजस्व महाशाखा प्रमुख मनोज कर्णले आव २०७९/८० मा महानगरले आन्तरिक राजस्व १५ करोड ३५ लाख ८६ हजार १०६ सङ्कलन गरेकोमा चालू आवको सोही अवधिमा १७ करोड ४८ लाख ७७ हजार ३०९ राजस्व सङ्कलन गरेको बताए । गत वर्षको तुलनामा दुई करोडभन्दा बढी राजस्व सङ्कलन भएको उनले जानकारी गराए ।

महानगरले गत वर्ष सम्पत्तिकरबाट साउनदेखि कात्तिकसम्म पाँच करोड ७० लाख ८३ हजार राजस्व सङ्कलन गरेको थियो भने चालू आवमा सात करोड ९५ लाख ५१ हजार राजस्व सङ्कलन गरेको छ ।

यसैगरी, भूमिकर/मालपोतबाट गत आवमा ३७ लाख पाँच हजार, चालू आवमा ४२ लाख ३९ हजार, घरबहालकर गत आवमा एक करोड ९७ लाख छ हजार, चालू आवमा एक करोड ८७ लाख ६६ हजार सङ्कलन गरेको छ । घरबहालकर भने गत आवको सोही अवधिको तुलनामा चालू आवमा १० लाखले घटेको छ ।

यसैगरी, बहाल बिटौरी कर भने गत आवमा पाँच सय मात्र सङ्कलन भएको थियो भने चालू आवमा आठ लाख १२ हजार सङ्कलन भएको छ । सवारीसाधन कर (साना सवारी) गत आवमा १० लाख ९२ हजार सङ्कलन भएको थियो भने चालू आव ११ लाख ५७ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर गत आवमा




तस्वीरः फाइल

सात हजार २१५ मात्र सङ्कलन भएको थियो भने चालू आवको चार महीनामा एक लाख ८० हजार पाँच सय सङ्कलन भएको छ । व्यवसाय रजिस्ट्रेशनबाट गत आवमा ९५ लाख ६२ हजार राजस्व सङ्कलन भएको थियो भने चालू आवमा एक करोड १७ लाख ६९ हजार सङ्कलन भएको छ ।

अखेटोपहारमा लाग्ने कर गत आवको तुलनामा चालू आवमा घटेको छ । गत आवमा दुई करोड २१ लाख ४० हजार सङ्कलन भएको थियो भने चालू आवमा ६१ लाख मात्र सङ्कलन भएको छ ।

गत आवको तुलना चालू आवमा यो कर डेढ करोडले घटेको छ । यसैगरी, सरकारी सम्पत्ति बहालकर गत आवको तुलनामा दोब्बरी सङ्कलन भएको छ । गत आवमा ६९ लाख ८५ हजार सङ्कलन भएकोमा चालू आवमा एक करोड २८ लाख २१ हजार सङ्कलन भएको छ । अन्य सेवा शुल्क गत आवको चौमासिकमा एक करोड २० लाख ४८ हजार सङ्कलन भएको थियो भने चालू आवको सोही अवधिमा एक करोड ३४ लाख ८० हजार सङ्कलन भएको छ ।

अन्य प्रशासनिक सेवा शुल्क गत आवमा चार लाख ४३ हजार सङ्कलन भएको थियो भने चालू आवमा सात लाख ८१ हजार सङ्कलन भएको छ । नक्शापास दस्तुर गत आवको चार महीनामा एक करोड पाँच लाख ८२ हजार सङ्कलन भएको थियो भने चालू आवमा एक करोड १८ लाख २३ हजार सङ्कलन भएको छ । सिफारिश दस्तुर गत आवमा ५० लाख ४७ हजार सङ्कलन भएको थियो भने चालू आवमा ८२ लाख ८० हजार सङ्कलन भएको छ ।

नाता प्रमाणित दस्तुर गत वर्षको तुलनामा दोब्बरी सङ्कलन भएको छ । गत आवमा चार लाख ३८ हजार सङ्कलन भएको थियो भने चालू आवमा आठ लाख ८३ हजार सङ्कलन भएको छ । प्रशासनिक दण्ड जरिवाना र जफत गत आवको तुलनामा दोब्बरीभन्दा बढी सङ्कलन भएको छ । गत आवको चौमासिकमा १० लाख ९३ हजार सङ्कलन भएको थियो भने चालू आवमा २७ लाख २० हजार सङ्कलन भएको राजस्व महाशाखाका प्रमुख कर्णले बताए ।

# ठोरीमा छठले नयाँ वर्षको रेकर्ड तोड्यो

चिरञ्जीवी सापकोटा, ठोरी, ७ मङ्सिर/

ठोरी गाउँपालिकाको पिकनिकस्थलमा छठ पर्व समाप्त भएको सोमवार बिहानैदेखि ठोरीका पर्यटकीय स्थलहरूमा र स्थानीय सङ्घसंस्थाका प्रतिनिधिहरूको सहकार्यमा सुरक्षा व्यवस्था सुदृढ



तस्वीरः प्रतीक

यस वर्षको नयाँ वर्षको तुलनामा छठ पर्वको पारनको दिन पिकनिक मनाउने मानिसहरूको सङ्ख्या बढी देखियो । प्रत्येक वर्ष ठोरीका राईधारा, ठुटेखोला, रानीवन, सरस्वतीखोला, रातोपहाडलगायत पिकनिकस्थलहरूमा भारतीय र आन्तरिक पर्यटकहरू ठूलो सङ्ख्यामा ईस्वी संवत् र विक्रम संवत्को नयाँ वर्ष मनाउन आउँछन् । तर यस वर्षको छठ पर्वको पारनको दिन पिकनिक मनाउन आउनेहरूको सङ्ख्याले अन्य अवसरहरूका सङ्ख्यालाई उछिनेको छ ।

भारतीय पर्यटकहरू ओइरिएका थिए । उनीहरूले यसअघिका सबै रेकर्ड तोड्दै ठूलो सङ्ख्यामा उपस्थिति जनाए । छठ पर्वमा उदाउँदो सूर्यलाई अर्घ्य दिएर पूजा समाप्त भएसँगै ठोरीमा भारतीय पर्यटकहरू गाडीसहित आएका थिए । उनीहरूको ठूलो सङ्ख्यामा उपस्थिति भएपछि सुरक्षाकर्मी र उपभोक्ता समितिका पदाधिकारीहरूलाई सुरक्षा व्यवस्था मिलाउन हम्मेहम्मे परेको थियो ।

बिओपी, ठोरीका सशस्त्र प्रहरी निरीक्षक सीताराम कार्कीले जनपद प्रहरी पारिएको बताए । उनले ठूलो सङ्ख्यामा पिकनिक मनाउन भारतीय पर्यटकहरू ओइरिएपछि सुरक्षा व्यवस्थालाई लिएर चिन्तित हुनुपरेको तर सबैको साथ र सहयोगले कुनै पनि अप्रिय घटनाविना कार्यक्रम सफल भएको बताए । होटल व्यवसायी दिनेश नेपालले यसपालिको छठ पर्वको अवसरमा पिकनिक मनाउन आउनेहरूको सङ्ख्याले नयाँ वर्षको भीडको रेकर्ड तोडेको र उनीहरूलाई सफल तरीकाबाट व्यवस्थापन गरी पठाइएको बताए ।

# आधुनिक प्रविधिद्वारा आँखा, कान, नाक, घाँटीको उपचार ठोरीमैं

माधव तिमिल्सिना, ठोरी, ७ मङ्सिर/

ठोरी गाउँपालिकामा आँखा, कान, नाक, घाँटीसम्बन्धी विशेषज्ञसहितको नियमित सेवा उपलब्ध हुने भएको छ ।

गापा कार्यालय र बिपी नेत्र प्रतिष्ठान, काठमाडौंबीच गापामा यो सेवा उपलब्ध गराउने गरी बिहीवार सम्झौता भएको छ ।

गापा अध्यक्ष लालबहादुर श्रेष्ठ र नेत्र प्रतिष्ठानका अध्यक्ष डा गौरीशङ्करलाल दासबीच आज सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौता अनुसार आगामी दुई वर्षमा ठोरीका पाँच हजारजनालाई आधुनिक प्रविधिमार्फत अस्पतालको सेवा पुऱ्याउने लक्ष्यसहितको सम्झौता गरिएको प्रतिष्ठानका अध्यक्ष डा दासले बताए ।

प्रतिष्ठानले दुरदराज गाउँका जनतालाई आधुनिक गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले अस्पतालबाट सेवा प्रदान गर्नेगरी ठोरीमा यससम्बन्धी कार्यको थालनी गरिएको बताए । ठोरी गापाका बासिन्दाले यो सेवा निर्मलबस्ती स्वास्थ्य चौकीबाट लिन सक्ने गरी व्यवस्थापन गरिएको छ । सो ठाउँमा



तस्वीरः प्रतीक

आँखा, कान र घाँटीसम्बन्धी विशेषज्ञको व्यवस्थापन गरिएको र चिकित्सकबाट निश्शुल्क परामर्श लिन सकिने प्रतिष्ठानका अध्यक्ष डा दासले बताए । उनले निर्मलबस्तीमा सम्भव नभएको उपचार शल्यक्रिया प्रतिष्ठानको केन्द्रीय कार्यालय, भक्तपुरमा न्यूनतम शुल्कमा सेवा लिन सकिने बताए ।

सरकारले तोकेका निश्चित औषधिहरू निश्शुल्क वितरण हुने र अन्य औषधि सशुल्क उपलब्ध गराइने गापाका स्वास्थ्य संयोजक रमेशराज थिङले बताए । उनले यसअघि यो सेवाको लागि ठोरीवासी, वीरगंज र भारतका विभिन्न स्थानमा जानुपर्ने अवस्था रहेको र अहिले गापामैं सेवा उपलब्ध हुने भएपछि यहाँ खुशीको वातावरण छाएको बताए । उनले यसबारेमा गापा कार्यालयले पाँचवटै वडामा घरदैलो कार्यक्रम गरी जानकारी गराउनुपर्ने सुझाए । उनले ठोरीमा ल्याइएको प्रविधि वीरगंजमा समेत नभएको दाबी गरे । उनले रोग लागेको स्थानको तस्वीर खिचेर कम्प्युटरमा अपलोड गरेको केही सेकेन्डमैं रोगको पहिचान हुने बताए । यो प्रविधि जिल्लामा पहिलोपटक ठोरीमा ल्याउन लागेको उनले दाबी गरे ।

गापा कार्यालय घ्याङडाँडामा आज भएको सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा उपाध्यक्ष गोकुलीकुमारी रेग्मी, वडाध्यक्ष मानबहादुर थिङलगायतको सहभागिता थियो ।

# महादेव मावि मिर्जापुरमा तालाबन्दी

धर्मेन्द्र चौरसिया, पोखरिया, ७ मङ्सिर/

छिपहरमाई गाउँपालिका–१ मिर्जापुरस्थित महादेव माध्यमिक विद्यालयमा विद्यार्थीहरूले तालाबन्दी गरेका छन् । २०७७ सालदेखि गापाको सिफारिशमा मावि तहमा स्तरोन्नति भएर कक्षा १० सम्म अध्यापन हुँदै आएको सो विद्यालयमा गत कात्तिकदेखि मावि तहको अध्ययन बन्द भएपछि विद्यार्थीहरूले बिहीवार तालाबन्दी गरेका हुन् ।

गापाले यसअघि मावि तहमा स्तरोन्नति गर्दा सो विद्यालयमा करारमा पाँचजना शिक्षक खटाएको थियो । डेढ वर्षदेखि नयाँ निर्वाचित जनप्रतिनिधिहरूको दबाबमा करारका पाँचजना शिक्षकको म्याद थप गरिएन र उनीहरूको ठाउँमा नयाँ पाँच जना शिक्षक करारमा राख्न लगाइयो । सोविरुद्ध अदालतमा उजूरी परेको र अदालतको आदेशमा करारका नयाँ कर्मचारीहरूलाई अध्यापनमा रोक लगाएपछि कात्तिक महीनादेखि विद्यालयमा मावि तहको अध्यापन बन्द

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

## विचारसार र सूक्तिहरू

**शक्तिशाली भएर पनि क्षमा गर्ने र दरिद्र भएर पनि दान गर्ने सामर्थ्य जोसँग छ, ऊ सदैव आदरणीय रहन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# चाडपर्व र हाम्रो जीवनशैली

**हिन्दूहरूको ठूला चाडपर्व सकिएको छ । दशैं, तिहार र छठ हालै सकिएको हो । यसो त हिजो हरिबोधनी एकादशी थियो । तुलसी पूजा अर्थात् ठूलो एकादशीको रूपमा हिन्दूहरूले तुलसीको पूजा गरेर पर्व मनाए । छठ पूजा सकिएको चौथो दिन हिजो हिन्दुहरूले तुलसीमठ रङ्गरोगन गर्ने, विभिन्न धार्मिक नारा लेख्ने, अनि तुलसीमठलाई साजसज्जा पारेर बेलुकी तुलसीको पूजा गरेर ठूलो एकादशी मनाए । दशैं, तिहार र छठ पर्व ठूलो उत्साह र उमङ्गका साथ मनाउने गरिन्छ । अब आउने पर्वहरू मकर सङ्क्रान्ति र फागु पूर्णिमा हुन् । माघ र फागुन महीनामा पर्ने यी चाडहरू आउन अहिले केही महीना बाँकी छ । पर्वले मानिसहरूमा ऊर्जा प्रदान गर्छ । सधैंभरि कामकाजमा अल्झिएकाहरूलाई पर्वले आनन्द प्रदान गर्छ । पर्व भनेको परिवार मिलनको एउटा अवसर पनि हो ।**

**प्राय:जसो मानिसहरू रोजगारको लागि गाउँबाट शहर, शहरबाट विदेश जाने क्रम बढ्दो छ । बेरोजगारी समस्याले हाम्रा देशका लाखौं युवा अहिले वैदेशिक रोजगारमा गएका छन् । हिमाल, पहाड, तराई सबै क्षेत्रबाट रोजगारका लागि विदेशिने क्रम बढ्दो छ । देशमा रोजगार नपाएर घरपरिवार चलाउन नसक्ने अवस्थाका वैदेशिक रोजगारमा जानुको अर्थ बुझिन्छ तर यसको अलावा शुरूदेखि नै नेपालका हुनेखानेहरू विदेश जाने र त्यहीं घरजम गरेर बस्ने क्रम पनि निकै बढेको छ । अहिले जति जनसङ्ख्या देशमा छ, त्यसको आधा जति भारतमा र त्यसको आधा अन्य देशमा छन् । भारतमा बस्ने ९० प्रतिशत नेपाली रोजगारको खोजीमा गएका हुन् । भारतबाहेकका देशहरूमा नेपाली युवा रोजगारमा जाने क्रम विगत केही दशकदेखि निकै बढेको छ । देशमा रोजगार गुमेको र नयाँ रोजगारका अवसरहरू नपाएपछि विदेशिने क्रम बढेको हो भने अर्को श्रमको उचित पारिश्रमिक नपाउनु र यहाँ पाउने पारिश्रमिकको तुलनामा विदेशमा बढी पाउनु पनि कारण हो । पछिल्लो समयमा तराई क्षेत्रबाट पनि विदेशिने क्रम बढेको छ । यसअघि हिमाल र पहाडबाट औसतमा बढी मानिसहरू विदेशिने गर्थे । तर यहाँ बसेर जतिसुकै परिश्रम गर्दा पनि लछारपाटो नलागेको तर विदेश गएकाहरूले भने मासिकरूपमा पठाउने रकमबाट घर खर्च, बालबच्चाको अध्ययन अनि गरगहना, जग्गालगायतका सम्पत्ति पनि जोडिने भएपछि पछिल्लो समयमा तराईबाट पनि वैदेशिक रोजगारका लागि मलेशिया, कतार, दुबई, साउदी अरबलगायतका देशहरूमा जाने क्रम बढेको हो ।**

**अदक्ष जनशक्ति यी देशहरूमा श्रमका लागि गइरहेका छन् भने दक्ष जनशक्ति अध्ययन, भ्रमण भिसाको नाममा अस्ट्रेलिया, बेलायत, अमेरिका, क्यानडालगायतका देशहरूमा जाने क्रम पनि उत्तिकै छ । नेपालमा छात्रवृत्तिका लागि तँछाडमछाड गर्ने अनि विदेशमा लाखौं लाख खर्चिएर विश्वविद्यालयहरूमा नाम दर्ता गराउने नेपाली शैलीबाटै प्रस्ट हुन्छ कि उनीहरू अध्ययन कम रोजगारका लागि गइरहेका छन् । हो, यसरी विदेशमा रोजगारका लागि बस्नेहरूको लागि अहिले चाडपर्व मिलन समारोह बनेको छ । कोही कुन चाडमा त कोही कुन चाडमा बिदा मिलाएर परिवारसँग भेटघाट र रमाइलो गर्न आइपुग्छन् । चाडपर्वमा परिवार मिलन र खुशियाली जीवन व्यतीत गरेरै थोरै समयका लागि पनि आनन्दको अनुभूति गरेर फेरि आफ्नो कर्मथलोमा पुग्छन् ।**

# व्यवस्था फाल्ने चेतावनी र शासक वर्गको भूमिका

स्वतन्त्र विचार




अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com


**वर्तमान संविधान अन्य संविधानभन्दा पृथक एवं लोकतान्त्रिक रहेकोले यसको संरक्षणमा आम जनता पनि गम्भीर हुनुपर्छ । आठ वर्ष नबित्दै संविधानविपरीत देखा परेको चुनौतीको सहज समाधान गर्न सक्नुपर्छ । यसमा जनता र राजनीतिक दलहरू एकबद्ध हुनुपर्छ ।**

२००७ सालदेखि ०७२ सम्म नेपाली जनताले निकै बलिदान दियो र सत्तरी वर्षको सानो अवधिमा मुलुकले ६ वटा संविधान फेर्‍यो । सानो मुलुकमा यति थोरै समयमा पटकपटक विद्रोह हुनुको अर्थ हो आन्दोलनमा जनताले जसलाई सहयोग गर्‍यो उही सत्तामा पुगेपछि जनताको बैरी बन्यो । जुन उद्देश्यले जनताले बलिदान दियो सो उद्देश्य शासन पूरा भएन । अमेरिका, भारत, जापानजस्ता ठूला मुलुकमा संविधान लामो समयसम्म टिक्नु, नेपालजस्तो सानो र गरीब मुलुकमा न्यून कालावधिमा संविधानप्रति वितृष्णा उब्जनुको मुख्य कारण शासकवर्गको अदूरदर्शिता तथा स्वार्थ हो । पदमा पुगेपछि जे पनि गर्न सकिन्छ भन्ने मानसिकता हो । वर्तमान संविधानले ल्याएको सङ्घीय गणतन्त्रात्मक व्यवस्था आफैंमा खराब छैन । ८ वर्षको अभ्यासमा वर्तमान सङ्घीयतासहितको गणतान्त्रिक संविधान केही खर्चिलो देखिए पनि खर्चको अनुपातमा विकासका कामहरू नभएका होइनन् । जनता अधिकारसम्पन्न भएको छ । अन्तर्राष्ट्रिय सम्बन्धमा वृद्धि, शिक्षा, स्वास्थ्य र राजनीतिक चेतनालगायतमा वृद्धि भएको छ । नागरिकबीच सामानता, लिङ्गभेदको अन्त्य, जातीय, सांस्कृतिक तथा धार्मिक स्वतन्त्रतालगायत कुरामा जनसन्तुष्टि देखिएकै छ । आम मानिस राज्यप्रमुख बन्न पाउनु नेपाली जनताको सौभाग्य हो, जुन यसपटकको परिवर्तनले दिएको अवसर हो । आवधिक सरकारको व्यवस्थाले जनता सर्वोच्च छ भन्ने पुष्टि गरेको छ भने सरकारले गरेका संसद् विघटनलगायत असंवैधानिक काम बदर गरेर तथा राष्ट्रपतिले माफी–मिनहा गरेको कार्यलाई अदालतले बदर गरेर न्यायिक स्वतन्त्रता एवं सक्षमता पुष्टि गरेको छ । हरेक सूचना मिनेटभित्र जनताको घरघरमा पुग्नुले प्रेस स्वतन्त्रता पुष्टि गरेको छ भने विनाअपराध कसैलाई राज्यले नियन्त्रणमा लिन नपाएको, कुनै नागरिकको सम्पत्तिविना मुआब्जा सरकारीकरण भएको, सरकारको गलत कामको सामान्य जनताले आलोचना गर्न पाउनेलगायत अधिकारले वास्तवमा नेपाली जनताले लोकतान्त्रिक अधिकार पाएकै भन्नुपर्छ ।

अमेरिका, भारतलगायत कुनै पनि देशको नागरिकभन्दा कम अधिकार नेपालीलाई संविधानले दिएको भन्न मिल्दैन । विश्वकै सबै मुलुकको संविधान भन्दा बढी मौलिक हक वर्तमान संविधानले प्रदान गरेको मात्र छैन, नागरिकको कर्तव्यको पनि संवैधानिक व्यवस्था गरेको छ । यसर्थ संविधान यस्तो कुनै प्रजातान्त्रिक अधिकार दिन चुकेको छैन, जसबाट वर्तमान संविधान फेर्ने अवसर आओस् तर संविधानको उत्कृष्ट प्रावधानको पनि उचित कार्यान्वयन भएन भने आलोचना त हुन्छ नै, जुन संविधानभन्दा कार्यपालिकाको दायित्व हो । विगतका केही सरकारले विकल्प हुँदाहुँदै संसद् विघटन गर्नु र पटकपटक अदालतले पुनर्बहाली गर्नु, सम्मानित पदहरूमा महाअभियोग जस्ता संवेदनशील विषयलाई मजाक बनाउनु, राष्ट्रप्रमुखबाट सजायको माफी मिनहाजस्ता जनआलोचित कार्य हुनु वा गराउनु, धार्मिक सांस्कृतिक अतिवाद व्यवस्थापन गर्न नसक्नु, मुलुकको साधन स्रोत परिचालन हुन नसक्नु र परिवर्तनकारी शक्तिबीच राष्ट्रिय सहमति हुन नसक्नुले संविधानलाई आलोचित बनाएको हो । नेपाली शासकहरूमा क्षमता नभएको होइन, किनभने बारह वर्षसम्म माओवादी युद्धबाट आक्रान्त रहेको मुलुकमा नेताहरूकै पहलमा शान्ति मात्र आएन, विद्रोही पक्षलाई सरकारमा सहभागीसमेत बनाइयो । विद्रोही बन्दूकबाट बाइलटमा विश्वास गर्न पुग्यो । दोस्रो दर्जाको नागरिकको रूपमा जीवन बिताउन बाध्य जनताले बराबरीको अनुभूति पायो । महिला वर्गले उचित स्थान मात्र पाएन, मानव अधिकारबाट संरक्षित भएका छन् । विविधतापूर्ण अनेकतामा एकता आयो । यो निकै ठूलो सफलता हो । यस अवस्थामा अब फेरि सङ्घीय गणतन्त्रात्मक व्यवस्था समाप्त भई राजतन्त्र आउला भन्ने कुरामा कसैलाई फिटिक्कै विश्वास छैन । तथापि राजनीतिमा असम्भव कुनै पनि कुरा हुँदैन भन्ने मान्यतालाई बेवास्ता गर्न मिल्दैन । शासकवर्गले आफ्नो कमजोरी सुधार गरी जनतालाई विश्वस्त पारेन भने जनता जे पनि गर्न सक्छ ।

राजा ज्ञानेन्द्रविरुद्धको आन्दोलनमा राजाले पहिलो गल्ती व्यक्ति छनोटमा गरे, दोस्रो गल्ती सञ्चार माध्यममाथि प्रतिबन्ध लगाए, तेस्रो जनताको बढ्दो चेतना र शिक्षाको बेवास्ता गरे । सुरक्षा बलमा बढी भर परे । अन्तर्राष्ट्रिय समुदायलाई नटेर्ने गल्ती गरे । आन्दोलनमा बढदो हिंसालाई बढावा दिए । मानव अधिकारप्रति संवेदनशील बनेनन् । जसको फलस्वरूप मन्दिरजस्तो श्रद्धा गरिने राजसंस्थाको पनि जनताले वास्ता गरेन । वर्तमान सरकारको अवस्था हेर्दा भ्रष्टाचार नियन्त्रणजस्ता मुद्दामा केही सकारात्मक काम देखिए पनि धार्मिक विवादजस्ता संवेदनशील मुद्दामा पछि परेको देखिएको छ ।

सामाजिक सञ्जालजस्तो लोकप्रिय माध्यम भित्रको विकृति कानूनद्वारा व्यवस्थित गर्नुपर्नेमा एकाएक बन्द गर्नु निश्चितरूपमा लोकतान्त्रिक मानिंदैन । अधिकारको दुरुपयोग गर्नेलाई कानूनद्वारा नियन्त्रण गर्न सकिने कुरामा बन्द नै गरिदिनु किमार्थ बुद्धिमत्तापूर्ण कार्य होइन । आगामी दिनमा ठूलो आन्दोलन हुने चेतावनी आउँदै छ । जसमा लोकतान्त्रिक दलका केही नेताहरूको समर्थन देखिएको छ । लोकतन्त्रमा यो अस्वाभाविक होइन, तर मूल कुरा के हो भने लोकतन्त्रका लागि लडेका नेताहरू राजतन्त्रको पक्षमा किन गए ? त्यसको जिम्मेवार को त ? जनान्दोलन २ र मधेस आन्दोलनजस्ता लोकतान्त्रिक आन्दोलनमा कहिले नदेखिएका र आन्दोलनविरुद्ध रहेकाहरू वर्तमान व्यवस्थाका प्रमुख भए । जसले परिवर्तनलाई संस्थागत गर्नुभन्दा व्यक्तिगत लाभमा बढी ध्यान दिए । बलिदान दिएको जनता निराश भयो । यसले विरोधीहरूलाई ऊर्जा दिएको छ । आफ्नै दललाई एक ढिक्का राख्न नसक्ने नेताको असफलताको परिणामले नै यो चुनौती देखिएको हो ।

संसदीय सर्वोच्चता अँगालेको संविधान भएको मुलुकमा दुईदुईपटक मृत संसद् ब्युँताउने न्यायालयको भूमिकाले मुलुक संसदीय सर्वोच्चतामा होइन, न्यायिक सर्वोच्चतामा रहेको पुष्टि हुन्छ । जुन कमन ला प्रणालीको प्रभाव हो । यद्यपि हामीले कमन ला, सिलि ला, हिन्दू लालगायत अनेकौं प्रणालीको मिश्रित व्यवस्था अँगालेका छौं । यसबाट राजनीतिक शक्तिहरूमा जनताको बलिदानको खासै महत्त्व नरहेको आभास हुन्छ । यी संवैधानिक अस्पष्टता हुन् । जसको समयमैं सम्बोधन गर्न सकिएन ।

संविधानको पूर्ण परिपालना तथा संविधानभन्दा माथि कोही नहुने संविधानवाद आजको आवश्यकता हो । संविधानले विधिशास्त्रका विभिन्न सिद्धान्तहरू अङ्गीकार गर्दै कानून एवं संवैधानिक सिद्धान्तलाई निरन्तरता दिएको छ । विधिशास्त्रका अनुसार कानून परिवर्तनशील हुन्छ तथा कानूनका सिद्धान्तहरू परिवर्तनशील हुँदैनन् । जस्तै प्राकृतिक कानून अपरिवर्त्य हुन्छ, त्यसैगरी कानूनका सिद्धान्त पनि अपरिवर्त्य हुन्छ ।

वर्तमान संविधान अन्य संविधानभन्दा पृथक एवं लोकतान्त्रिक रहेकोले यसको संरक्षणमा आम जनता पनि गम्भीर हुनुपर्छ । आठ वर्ष नबित्दै संविधानविपरीत देखा परेको चुनौतीको सहज समाधान गर्न सक्नुपर्छ । यसमा जनता र राजनीतिक दलहरू एकबद्ध हुनुपर्छ ।

# वीरगंज र छठको रौनक

मन्तव्य




कुमार रूपाखेती


**चाडपर्वपछि राजनैतिक पर्व तातेको छ । आज राजावादी र गणतन्त्रवादीबीच जोर अजमाइस र ताल ठोकाठोक हुँदैछ । वीरगंजका राजावादीहरूसमेत गर्माएका छन् । आगे–आगे देखिये–होता है क्या !**

वारिपारी भारत र नेपालमा मनाइने छठपर्व धूमधामका साथ बिदा भएको छ । दशैंमा अष्टमीलाई महाअष्टमी र नवमीलाई महानवमी भनेझैं छठलाई पनि महापर्व छठ भनिन्छ । दशैं र तिहारमा देखिएको उदासी र मन्दी भने छठ पर्वमा उक्सिएको आभास भयो । छठ पर्वमा वीरगंज बजारमा छठका पूजा सामग्री र अन्य वस्तु किन्नेहरूको ठेलमठेल नै देखिन्थ्यो र लुगा, कपडा र जुत्ता पसलहरूमा समेत दशैं, तिहारभन्दा चौगुना भीड देखिन्थ्यो । तराईमा महापर्व छठका बेला उल्लेखनीय सरसफाइ, चोखोनितो र नयाँ लुगा–कपडा खरीद गर्ने चलन छ । दशैं, तिहारमा घर नआए पनि छठ पर्वमा अनिवार्य घर आउने चलन छ ।

भारतको बिहारमा भव्य छठ हुन्छ, बिहार फर्कनेहरूको भीड देखेर भारतीय रेलले नियमित रेलको अलावा पनि थुप्रै रेलगाडी बिहारी प्रयोजनका लागि थपेको थियो । छठ अचेल भारत र नेपालमा मात्र नभई विदेशमा बस्ने यताकाले समेत मनाउँछन् । यसपटक त विभिन्न छठघाटहरूमा मुस्लिम समुदायले समेत छठ मनाएर अनुकरणीय उदाहरण प्रस्तुत गरे ।

वीरगंजमा छठको खरीदारी केन्द्रसमेत गहवामाई परिसर नै रह्यो । छठको अर्घ्यमा चाहिने बतासा, अदुवा, सुथनी, केरा, अमला, पानी सिंघाडा, उखु, मुला, फलफूल, अर्घपात आदिको उल्लेखनीय बिक्री भएको देखिन्थ्यो । छठ पर्वमा झन्डै ७२ घण्टा निखलाम व्रत बस्ने प्रथा छ । छठव्रतीहरूको घरमा एक महीना अघिदेखि नै माछामासु पूर्णत: प्रतिबन्धित हुन्छ । छोरीबेटीहरूलाई छठपर्वमा अनिवार्य बोलाइन्छ र पर्वको समापनपछि लुगा–कपडा र नगदसहित बिदा गर्ने चलन छ, धेरैले छठमा नयाँ पहिरन लगाउँछन् ।

अचेल मेंहदी लगाउने रहरले नेपाली महिलाहरूलाई भारतीयहरूझैं रन्काएको छ । घठकै ताक पारेर माईस्थान मन्दिर छेउछाउ मेंहदी लगाउने व्यापार गरेर बसेकाहरूले विभिन्न प्रकारका मेंहदी लगाएर राम्रो आम्दानी गरेको देखिएको थियो ।

अचेल विवाह, व्रतबन्ध, जन्मदिन र धार्मिक पर्वहरूमा मेंहदी लगाएर सजधज हुने महिलाहरूको सङ्ख्या बढेको छ । छठ व्रतालुहरूको सहजताका लागि खोला, पोखरी र नदी सफा गर्ने, सजाउने गरिन्छ । वीरगंज क्षेत्रका अधिकांश नदी, तलाउ प्रदूषित र फोहर देखिन्छन् । महानगरले पोखरीको पानीमा हुर्किएको जलकुम्भी मात्र हटाउनाले कतिपय पोखरी हिलाम्य थिए र त्यही हिलेपानीमा छठ व्रतालुहरू उभिन विवश थिए । यस्तो प्रदूषित अवस्थाबाट बच्न धेरैले गाईवस्तुलाई दानापानी खुवाउने सिमेन्टले बनेको नादीमा पानी भरेर समेत अर्घ्य दिए । छठपर्वमा अस्ताउँदो सूर्य र उदाउँदो सूर्यको निकै महत्त्व हुन्छ । सँझिया र बिहनियाघाटमा पुगेर नेताजीहरू समेतले आआफ्नो क्षेत्रका व्रतालु मतदातालाई शुभकामना दिंदै आफ्नो उपस्थिति दर्ज गराए । तर छठघाटमा लामखुट्टेले उपद्रो मचाएका थिए । वीरगंजमा लामखुट्टे बढेको बढ्यै छ । अचेल गर्मी घटेको र जाडो बढे तापनि लामखुट्टेको टोकाइबाट जोगिन पङ्खा खोलेर सिरक ओढेर सुत्नु पर्‍या छ । सफा वीरगंज महानगरको त यो हाल छ भने फोहर नगरहरू त झनै बेहाल होलान् ।

नेपालको तराईमा जनकपुर र वीरगंजको छठको उल्लेखनीय चर्चा हुन्छ । यहाँका छठघाट विशेषरूपले सजाइएको हुन्छ । यसपालि तिहारभन्दा बढी पटका छठमा पड्काइयो । छठका बेला पटाका पड्काउन प्रशासनसमेतले तिहारभन्दा खुकुलो गरेको हुन्छ । तराईतिर तिहारको झिलिमिली छठसम्म कमोबेस कायम रहन्छ । जुवाको लागि तिहार बदनाम छ, तर अब छठमा पनि जुवाको खालमा तिहारकै वातावरण थियो । छठताका गाउँघरमा कौडा खुबै हुन्छ । छठ पूजापछि छठघाटका पोखरी, तलाउ निकै प्रदूषित र फोहर हुन्छन् । वीरगंज बाहिरका छठघाट, पोखरी र तलाउहरू छठपछि पुन: सफा गरिएको छ भने वीरगंज महानगरभित्रका पोखरीहरू पुन: सफा भएको देखिंदैन । केही वर्षदेखि काठमाडौंमा समेत छठ मनाउन शुरू गरेका काठमाडौं बसोवास गर्ने तराईवासीले यताको जस्तै झकिझकाउ पारेर छठ पर्व मनाएको देखियो ।

चाडपर्वपछि राजनैतिक पर्व तातेको छ । आज राजावादी र गणतन्त्रवादीबीच जोर अजमाइस र ताल ठोकाठोक हुँदैछ । वीरगंजमा रहेका राजावादीहरूसमेत गर्माएका छन् । आगे–आगे देखते जाइये–होता है क्या !

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

## नेपालको अर्थतन्त्रले मुठभेड धान्न सक्दैन

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**शेरबहादुर देउवा, केपी ओली, पुष्पकमल दहाल, माधव नेपाल, झलनाथ खनाल, महन्त ठाकुर, उपेन्द्र यादव आदिले सक्रिय राजनीतिबाट सन्न्यास लिएर सामान्य नागरिक जीवन बिताउने हो भने नेपालको राजनीतिले गति पाउने छ। देशमा स्थिरता आउने छ। आर्थिक विकासको बाटो खुल्नेछ।**

नेपालको अर्थतन्त्रले मूठभेड धान्न सक्तैन, नेपालको अर्थतन्त्रले अस्थिरता धान्न सक्तैन । नेपालमा जतिजति अस्थिरता बढ्ने छ, नेपालको अर्थतन्त्र त्यसैगरी उधो लाग्नेछ । स्थिति यस्तै रहेमा, विकासका लागि त परको कुरा, सरकारसँग कर्मचारीहरूलाई तलब तथा पारिश्रमिक दिनसम्म रकम हुनेछैन । नेपालको अर्थतन्त्रप्रति विश्वास उठेर अन्तर्राष्ट्रिय ऋणदाताहरूले ऋण दिने छैनन् भने शर्तसहित प्राप्त हुने विदेशी सहयोगले नेपालको अर्थतन्त्रलाई झनै धराशायी पार्नेछ । राष्ट्रिय राजनीति झनै अस्थिर भएर जानेछ ।

अहिले नै पनि नेपालको अर्थतन्त्र दयनीय स्थितिमा छ । देशमा रोजगार छैन । रोजगारको लागि विदेश जानुपर्ने बाध्यता छ । देशको जनसङ्ख्याको एक तिहाई रोजगारको लागि विदेशमा छ । राष्ट्रिय उत्पादन घटेर देश आयातमुखी हुन पुगेको छ । बजारमा सामानको मूल्यले आकाश छोइरहेको छ । यस्तो बेलामा आन्दोलन हुनु भनेको देशलाई आर्थिक रूपमा टाट पल्टिने स्थितिमा पुऱ्याउनु हो । तर देशको आर्थिक स्थिति यस्तो हुँदाहुँदै पनि दुवै समूह नेपालको राजनीति अस्थिर बनाउन उद्धत छन् । जिम्मेवारीपूर्वक व्यवहार गर्नुपर्ने प्रमुख प्रतिपक्षी दल एमाले पनि भीडन्ततर्फ उन्मुख भएको छ । एमालेले पनि जुलूस प्रदर्शन गर्नु पूर्णतया गैरजिम्मेवार कार्य हो । मुठभेडको बाटो, हिंसाको बाटो रोज्नु हो । दुर्गा प्रसाई र महेश बस्नेतले नेतृत्व गरेका दुई समूहले नेपालको राजनीतिलाई कुन स्तरमा अस्तव्यस्त पार्ने हो त्यो कुरा अहिले भन्न सकिने स्थिति छैन । मङ्सिर ७ गतेको पछिको स्थितिले भन्ने छ, नेपालको राजनीतिले कुन मोड लिने छ भन्ने कुरा । तर एउटा कुरा प्रस्ट रूपमा के भन्न सकिन्छ भने यी दुई समूहले गर्ने जन प्रदर्शनले नेपालको राजनीतिलाई अस्तव्यस्त पार्नेछ । अस्तव्यस्त राजनीतिको प्रभाव नेपालको अर्थतन्त्रमा पर्नेछ । नेपालको अर्थतन्त्र झनै दयनीय हुनेछ । नेपालका केही क्षेत्रमा जनताले दुई छाक खान नपाउने र भोकमरीको स्थिति नै पनि आउन सक्ने छ । एमालेका नेता महेश बस्नेतले नेतृत्व गरेको एमालेका कार्यकर्ता तथा अभियन्ता कहलिएका राजावादी दुर्गा प्रसाईका समर्थकहरूबीच भीडन्त भएमा, भीडन्तले हिंसा–हत्याको रूप लिएमा, बजारमा अनेक किसिमका हडताल, चक्काजाम, तालाबन्दी जस्ता कार्य हुन सक्नेछ । यस्तो स्थिति भएमा नेपालका दुई क्षेत्र १. उद्योग र व्यापार तथा २. आन्तरिक र बाह्य पर्यटन नराम्ररी प्रभावित हुनेछन् । यी दुई समूह वा एउटै कुनै समूहको विरोध, जुलूस प्रदर्शन लामो समयसम्म चलेमा पर्यटन त झनै नराम्रो स्थितिमा पुग्नेछ । आशान्त देशमा पर्यटकहरू भ्रमणका लागि जाँदैनन् भन्ने जगजाहेर कुरा हो । देशमा अशान्ति बढेमा, निम्न मात्रामा भए पनि अनेक परिवारको रोजगार सृजना गर्ने पर्यटन क्षेत्र पनि सुकेर जानेछ । वर्तमान सरकारका कार्यहरूबाट रुष्ट भएर जनस्तरमा विरोध प्रदर्शन हुनु असामान्य होइन । यस अर्थमा दुर्गा प्रसाई नेतृत्वको समूहले जुलूस प्रदर्शन गर्नु, विरोध गर्नुलाई नौलो, अनौठो वा गैरजिम्मेवार मान्न सकिंदैन । प्रजातन्त्रमा यस्तो गर्न पाइन्छ । तर एमालेजस्तो जिम्मेवार राजनीतिक दल र त्यसका नेताहरू पनि सडकमा आउनु, उनीहरूले जुलूस प्रदर्शन गर्नु अनौठो हो । गैरजिम्मेवार कार्य हो । एकजना सामान्य नागरिक दुर्गा प्रसाईले त्यस्तो गर्नु ठूलो कुरा होइन, तर देशको प्रमुख प्रतिपक्षी सडकमा आउनु र दुर्गा प्रसाई समूहसँग भिडन्त गर्न तम्सिनु अति अनौठो मात्र होइन, हठ हुन पुगेको छ । देशको आर्थिक स्थिति अति दयनीय भएको बेला जुलूस, प्रदर्शन, भिडन्त आदि नगरेर, देशमा स्थिरता कामय गर्न एमाले र यसका नेताहरूले सत्तारूढ दलहरूसँग वार्ता गर्नु पर्ने हो । सहमति र वार्ताद्वारा आर्थिक समस्याको समाधान खोज्नुपर्ने हो । तर यस्तो नगरेर एमाले मुठभेडका लागि तम्सिएको छ । एमालेले दुर्गा प्रसाइ–समूहसँग मुठभेठ किन गर्न खोजेको हो, त्यो प्रस्ट हुन सकेको छैन । यो विषय रहस्यको गर्भमा छ ।

एमाले, दुर्गा प्रसाई–समूहसँग मुठभेड गर्न उद्धत हुनुले एमालेको राजनीतिक संस्कार अपरिपक्व हुनु र यसले कुनै पनि समस्याको समाधान हिंसाद्वारा खोज्छ भन्ने कुराको पुष्टि हुनु हो । हुनत विगतमा पनि एमाले प्रतिपक्षमा रहँदा तोडफोड गरेको, जुलूस प्रदर्शन गरेको ताजा इतिहास छ । रेलिंग तोडेको, सडक भत्काएको, जनताको आँखामा झल्झल्ती छ ।

एमालेको नेतृत्व केपीशर्मा ओलीले गरिरहेसम्म न एमाले बलियो दल बन्न सक्छ, न नेपालको राजनीतिले स्थिरता पाउन सक्छ । एमाले, माधव नेपालसमूह सँग छुट्टिने, पुष्पकमल दहालासँग जोडिने जस्ता अपत्यारिला कार्यहरू ओलीकै कार्यकालमा भएको हो । र यस्ता कार्यहरू ओलीले एमालेको फाइदाका लागि होइन, आफ्नो फाइदाका लागि गरेका हुन् । अहिले पनि महेश बस्नेतलाई ओलीले नै उचालेका हुन् । ओलीकै बल पाएर महेश बस्नेत उफ्रेका हुन् । तर नेताहरू यसरी उफ्रेर देशको आर्थिक विकास हुँदैन । देशको आर्थिक विकासका लागि नयाँनयाँ सोच चाहिन्छ । नयाँनयाँ योजनाहरू चाहिन्छ । ध्वंस होइन, शान्ति र स्थिरता चाहिन्छ ।

अब मूल विषयतिर लागौं । दुर्गा प्रसाई नेतृत्वको समूहले गर्ने विरोध प्रजातन्त्रको विरोध होइन । पूर्णतया वर्तमान व्यवस्थाको विरोध पनि होइन । दुर्गा प्रसाई समूह र दुर्गा प्रसाई प्रवृत्ति समूहको विरोध मुख्यगरी शेरबहादुर देउवा, पुष्पकलम दहाल, केपीशर्मा ओली, माधव नेपाल आदिका कार्यशैलीको विरोध हो । आफ्नो फाइदाका लागि उनीहरूले गरेका राजनीतिक शक्तिको दुरुपयोगको विरोध हो । उनीहरूको असफल नेतृत्व क्षमताको विरोध हो । उनीहरूले उत्पन्न गरेको राजनीतिक अस्थिरताको विरोध हो । देश उनीहरूको अक्षम नेतृत्वको कारण आर्थिकरूपमा टाट पल्टिन थालेको स्थितिको विरोध हो । दुर्गा प्रसाईले केका लागि आन्दोलन गरेका हुन् प्रस्ट हुन सकेको छैन । यदि उनको नेतृत्वमा भएको आन्दोलनले यो व्यवस्था हटाएमा आउने व्यवस्था कस्तो हुने हो त्यो पनि प्रस्ट छैन । दुर्गा प्रसाईले यो आन्दोलन आफ्नो फाइदाका लागि वा जनताको हितका लागि गरेका हुन् त्यो पनि प्रस्ट हुन सकेको छैन । स्तिति अति अन्योलपूर्ण र जटिल छ । त्यस कारण झन चिन्तापूर्ण हुन पुगेको छ ।

एउटा कुरा सत्य र प्रस्ट के छ भने दुर्गा प्रसाईको पछाडि लागेको भीड उनका समर्थकहरूको मात्र होइन । नेपाली काङ्ग्रेस, एमाले, माओवादी (पुष्पकमल), मधेसी दलहरूका क्रियाकलापबाट निराश व्यक्ति पनि अहिले दुर्गा प्रसाईको आन्दोलनमा शरीक हुन पुगेका छन् । यी दलका क्रियाकलापबाट जनता निराश छ । निराश जनतालाई आफ्नो आवाज बुलन्द पारिदिने एक व्यक्ति चाहिएको छ । हो, त्यस्तै व्यक्ति बनेर अहिले दुर्गा प्रसाई प्रस्तुत भएका छन् । भोलिका दिनमा दुर्गा प्रसाई बदलिए, आफ्नो स्वार्थमा लागे, जनताको असन्तुष्टिको स्तर यस्तै रह्यो भने जनताको आवाज बुलन्द पार्न पुनः अर्को दुर्गा प्रसाईको उदय हुनेछ ।

भविष्यमा उत्पन्न हुन सक्ने हिंसा, उथलपुथल, अराजकताको व्यवस्थापन गर्न नेपाली काङ्ग्रेस, एमाले र माओवादी जस्ता दलहरूले गम्भीर भएर सोच्न आवश्यक छ । यी दलहरूले उठेका विरोधको कुशलतापूर्वक व्यवस्थापन नगर्ने हो भने नेपालको अस्तित्वमाथि नै सङ्कट आउन सक्छ, भारतले हस्तक्षेप गर्ने मौका पाउने छ । चीनले आफ्नो सक्रियता बढाउने छ । देश गृहयुद्धको दलदलमा फस्नेछ ।

नेका, एमाले र माओवादी दल र मुख्यगरी यी दलका नेताहरू शेरबहादुर देउवा, केपीशर्मा ओली, पुष्पकमल दहालले यो विषय (दुर्गा प्रसाईको नेतृत्वमा हुने प्रदर्शन) लाई गम्भीरतापूर्वक लिन आवश्यक छ । दुर्गा प्रसाई समूहको विरोध यी नेताहरू (देउबा, ओली, नेपाल, दहाल आदि) को विरोधमा हो, वर्तमान व्यवस्थाको विरोधमा होइन भनी बुझ्न आवश्यक छ । तर अचम्म १ दुर्गा प्रसाई समूहको विरोधलाई वर्तमान व्यवस्थाको विरोध भनेर यी नेताहरू (देउवा, ओली, नेपाल, दहाल आदि) पन्छिन खोजिरहेका छन् । आफू चोखो हुन खोजिरहेका छन् ।

समस्याको समाधन

मुठभेड र हिंसातर्फ उन्मुख हुन थालेको नेपाली राजनीतिलाई शान्तिको पथमा डोऱ्याउन केही नेताले त्याग गर्न र देशभक्ति देखाउन आवश्यक छ । शेरबहादुर देउवा, केपीशर्मा ओली, पुष्पकमल दहाल, माधव नेपाल, झलनाथ खनाल, महन्त ठाकुर, उपेन्द्र यादव आदिले सक्रिय राजनीतिबाट सन्न्यास लिएर सामान्य नागरिकसरह जीवन बिताउने हो भने नेपालको राजनीतिले गति पाउने छ । देशमा स्थिरता आउने छ । आर्थिक विकासको बाटो खुल्नेछ । यी नेताहरूले राजनीतिबाट सन्न्यास मात्र लिएर पुग्दैन, कुनै पनि किसिमको राजनीतिक क्रियाकलापमा भाग नलिने प्रतिबद्धतासमेत जाहेर गर्नुपर्छ । तर यी नेताहरू नेपालको राजनीतिमा सक्रिय रहेसम्म नेपालमा न राजनीतिक स्थिरता आउन सक्छ, न आर्थिक विकास नै हुन सक्छ । शेरबहादुर देउवा सातपटक, पुष्पकमल दहाल पाँचपटक, ओली चारपटक नेपालको प्रधानमन्त्री भएमा यो देशको आर्थिक विकास हुन्छ भनी कसैको मनमा लागेको छ भने त्यस्तो लाग्नेले आफ्नो बौद्धिक क्षमता आफैंले परीक्षण गर्नुपर्छ ।

## चार महीनामा रु साढे १२ अर्बको विद्युत् निर्यात

काठमाडौं, ७ मङ्सिर/रासस

नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्षको चार महीनामा रु १२ अर्ब ५० करोड बराबरको बिजुली भारत निर्यात गरेको छ । प्राधिकरणले सो अवधिमा एक अर्ब ३६ करोड १२ लाख युनिट विद्युत् निर्यात गरी रु १२ अर्ब ५० करोड आठ लाख बराबरको रकम आर्जन गरेको छ ।

विद्युत् निर्यात गत आव २०७९/८० को सोही अवधिको तुलनामा रु चार अर्ब ८६ करोड ४४ लाखले बढी हो । गत आवको पहिलो चार महीनामा ९८ करोड ३८ लाख युनिट विद्युत् निर्यात गरी रु सात अर्ब ६३ करोड ६४ लाख आर्जन गरिएको थियो ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् यस वर्ष गत २८ जेठबाट भारतीय बजारमा बिक्री शुरू गरेको थियो । गत जेठदेखि कात्तिकसम्ममा एक अर्ब ६२ करोड १६ लाख युनिट विद्युत् निर्यात गरी रु १४ अर्ब ५० करोड २१ लाख आर्जन भएको छ ।

प्राधिकरणले साउनमा रु दुई अर्ब १४ करोड ७६ लाख, भदौमा रु तीन अर्ब ४७ करोड ८५ लाख, असोजमा रु चार अर्ब १७ करोड ७७ लाख र कात्तिकमा रु दुई अर्ब ६९ करोड ७० लाख बराबरको विद्युत् निर्यात गरेको छ ।

चार महीनाको समग्र औसत विद्युत् बिक्री दर प्रतियुनिट नौ रुपियाँ १८ पैसा छ । गत वर्ष सोही अवधिको समग्र औसत बिक्री दर प्रतियुनिट सात रुपियाँ ७६ पैसा थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चार महीनाको अवधिमा विद्युत् निर्यातबाट सात अर्ब ८४ करोड ८० लाख भारतीय रुपियाँ आर्जन भएकोले यसबाट देशको विदेशी मुद्रा सञ्चिति र नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न योगदान पुगेको बताए ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले आइएक्सको डे–अहेड बजारमा प्रतिस्पर्धामार्फत र मध्यकालीन विद्युत् सम्झौताबमोजिम करीब ११० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगमलाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै ५२२ मेगावाटमध्ये पहिलो चरणमा करीब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ ।

नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा ५२२ मेगावाट र एनभिएनलाई ११० मेगावाट गरी ६३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ । यसमध्ये ५६२ मेगावाट विद्युत् ढल्केबर–मुजफ्फपुर चार सय केभी अन्तरदेशीय प्रसारण लाइनबाट र ७० मेगावाट महेन्द्रनगर–टनकपुर १३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ ।

## ग्लोबल आइएमई बन्यो सबैभन्दा धेरै कर तिर्ने बैंक

काठमाडौं, ७ मङ्सिर/रासस

बैंक तथा वित्तीय संस्थामध्ये ग्लोबल आइएमई बैंक लिमिटेडले सबैभन्दा धेरै आयकर दाखिला गरेको छ । बैंकले आर्थिक वर्ष २०७८/७९ मा रु तीन अर्ब २० करोड कर दाखिला गरेको थियो । आन्तरिक राजस्व कार्यालयले राष्ट्रिय कर दिवस २०८० का अवसरमा आयोजित कर सप्ताह समापन समारोहमा बैंक तथा वित्तीय संस्था अन्तर्गत सर्वाधिक कर तिर्ने करदातामा ग्लोबल आइएमई बैंकलाई सम्मान गरेको हो ।

कार्यक्रममा प्रमुख अतिथि अर्थमन्त्री डा प्रकाशशरण महतले ग्लोबल आइएमई बैंक लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई सर्वाधिक कर दाखिला गरेको कदरस्वरूप सम्मानपत्र प्रदान गरे ।

हाल बैंकको चुक्ता पूँजी रु ३५ अर्ब ७७ करोड छ । सन् २००७ मा वाणिज्य बैंकका रूपमा बैंकिङ कारोबार सुरुआत गरेको ग्लोबल आइएमई बैंकले आफ्नो बैंकिङ यात्रामा विभिन्न २१ वटा बैंक तथा वित्तीय संस्था मर्जर तथा प्राप्ति गरी सबल र उत्तरदायी बैंकका रूपमा स्थापित भएको छ ।

व्यवसायको गुणात्मक वृद्धिका लागि लक्ष्य सन् २०२५ अनुसरण गरी कार्यसम्पादन गर्दै आइरहेको ग्लोबल आइएमई बैंकले प्रविधिमैत्री बैंकिङ सेवा तथा सुविधाको पहुँच विस्तार गरी सन् २०२५ सम्म आफ्नो व्यवसाय दोब्बर बनाउने लक्ष्य लिएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५० शाखा, ३६९ एटिएम, ३२२ वटा शाखारहित बैंकिङ सेवा, ६६ वटा

(बाँकी चौथो पातामा)



**अरिङ्गालपालन:** गोरखाको शहीद लखन गाउँपालिका–६, घैरुङस्थित एक स्थानीयको घरमा पालिएको अरिङ्गालको गोला । तस्वीरः रासस

## ऊर्जा क्षेत्रको विकासका लागि सरकारले प्रयास गरिरहेको छ –ऊर्जामन्त्री

काठमाडौं, ७ मङ्सिर/रासस

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको ऊर्जा क्षेत्रको समग्र विकासका लागि सरकारले योजनाबद्ध र सार्थक पहल गरिरहेको बताएका छन् । प्राकृतिक स्रोतको समुचित प्रयोग र दिगो विकासका लागि सरकारले गरिरहेको प्रयासमा निजी क्षेत्रको पनि उत्तिकै साथ र सहयोग रहेको उनको भनाइ थियो ।

दिगो विकासका लागि जलविद्युत् विषयक कार्यक्रममा बिहीवार मन्त्री बस्नेतले दिगो विकासका लागि पनि ऊर्जा क्षेत्रको उत्तिकै महत्त्वपूर्ण योगदान रहने र नेपालले निर्धारण गरेको शून्य कार्बन उत्सर्जनको योजनालाई साकार बनाउन पनि यसैमा जोड दिनुपर्ने बताए ।

आर्थिक समृद्धिका लागि पनि जलविद्युत् क्षेत्र उत्तिकै महत्त्वपूर्ण रहेको तथ्य प्रस्तुत गर्दै उनले सोही आधारमा सरकार सन् २०३५ सम्म थप २८ हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्यका साथ अग्रसर रहेको उल्लेख गरे । आन्तरिकरूपमा सहज विद्युत् उपलब्धता तथा सबैका लागि ऊर्जा भन्ने नाराका साथ काम भइरहेको र हालसम्म ९८ प्रतिशत घरधुरीमा बिजुलीको पहुँच भएको उनको भनाइ थियो ।

आन्तरिक माग परिपूर्तिका साथै क्षेत्रीय बजारमा समेत नेपालको बिजुली उपलब्ध गराउने र त्यसबाट आर्थिक उपार्जन गर्ने लक्ष्य राखिएको मन्त्री बस्नेतले बताए । नेपालको कुल उत्पादन क्षमता अनुसार विद्युत् उत्पादन, प्रसारण एवं वितरण लाइन विस्तार गर्दै बजारको सुनिश्चितता गर्नु र लगानीमैत्री वातावरण बनाउनका लागि नीतिगत एवं संरचनागत सुधारमा ध्यान दिइएको उनले स्पष्ट पारे ।

यस्तै, निजी क्षेत्रले उठाएको विद्युत् खरीद सम्झौता (पिपिए)का विषयमा सरकार सकारात्मक रहेको र वन क्षेत्रको जग्गा प्रयोग तथा बाढीपहिरोका कारण क्षतिग्रस्त भएका आयोजना पुनः स्थापनाका लागि पनि सरकारले निरन्तर छलफल गरिरहेकाले निष्कर्षमा पुगिने मन्त्री बस्नेतको भनाइ थियो ।

लगानी बोर्डका प्रमुख कार्यकारी



अधिकृत सुशील भट्टले जलविद्युत् क्षेत्रको विकासका लागि बोर्डले निरन्तर प्रयास गरिरहेको र केही समयभित्रै लगानी सम्मेलन आयोजना गर्न लागिएको बताए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)का अध्यक्ष गणेश कार्कीले सरकारले आगामी १२ वर्षमा २८ हजार

(बाँकी पाँचौं पातामा)

# आर्थिक समृद्धिको मूलमार्ग

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आफ्ना सबलता र सम्भावनाहरू आफैंले केलाएर अघि बढ्न जरुरी छ। विकास र समृद्धि, अवसर र खुशीहरू विदेशमा मात्रै छैन, नेपालमा झन् बढी छ। यसको सदुपयोग हामी नेपालीले गर्नुपर्छ। अनिमात्र नेपाल सबल आर्थिक समृद्धिको बाटोमा लाग्न सक्छ।**

अर्थतन्त्र सुधारका लागि सरकारले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत विभिन्न कार्यक्रम ल्याए पनि त्यसको कार्यान्वयन सन्तोषजनक हुन नसक्दा अर्थतन्त्रमा अपेक्षित सुधार हुन सकेको छैन। कतिपय परिसूचक नराम्रा पनि छैनन्। ब्याजदर घट्दै गएको र अर्थतन्त्रको बाह्य क्षेत्रमा पनि निरन्तर सुधार हुँदै गएको देखिन्छ। विप्रेषण आप्रवाह बढेको छ भने पर्यटन क्षेत्र उत्साहपूर्वक चलायमान भएकोले आगामी दिनमा अर्थतन्त्रले गति लिने आधार भने बनेको छ। यसरी बाह्य क्षेत्रमा सुधार हुँदाहुँदै पनि आन्तरिक क्षेत्र चाहिं किन चलायमान हुन सकेको छैन ? किन लगानी बढ्न सकेन र पूँजीगत खर्च बढ्न सकेको छैन ? अर्थतन्त्र उकास्ने मनोबल किन उठ्न सकेको छैन ? यो चिन्ता र चासोको विषय हो। यसैलाई दृष्टिगत गरेर सरकारले अर्थतन्त्रको समस्यालाई छिटोछरितोरूपमा समाधान गर्नेबारे सम्बद्ध सबै पक्षसँग छलफल र संवाद शुरू गरेको छ। यसलाई सकारात्मकरूपमा लिन सक्नुपर्छ।

अहिले न्यून पूँजीगत खर्च, कर्जा प्रवाहमा कमी, उपभोक्ता मागमा कमी, निजी क्षेत्रको घट्दो मनोबल, आन्तरिक उत्पादकत्व बढ्न नसक्नुलगायतका समस्या देखिएका छन्। चालू आर्थिक वर्षको पहिलो चौमासिकसम्म कुल बजेटको २० प्रतिशत मात्र खर्च हुन सकेको छ। त्यसमा पनि पूँजीगत खर्च जम्मा ९.९३ प्रतिशत मात्र भएको अर्थ मन्त्रालयको तथ्याङ्क छ। उत्पादन र रोजगार सिर्जना गर्ने विकास खर्चभन्दा पनि प्रशासनिक र सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानी गर्न वित्तीय व्यवस्थापनतर्फको खर्च बढी छ। वैदेशिक अनुदान पनि वार्षिक लक्ष्यको ५.५२ प्रतिशत मात्र लिन सकिएको छ। वैदेशिक लगानी प्रतिबद्धताको सानो अंश मात्र भित्रिन सकेको छ। विप्रेषण बढेको छ तर त्यो उत्पादनमूलक क्षेत्रमा होइन, अनुत्पादकमूलक क्षेत्रमैं खर्च बढी भएको छ। पर्यटक आवागमन उच्च गतिमा बढ्दै छ तर त्यसमार्फत भित्रिने वैदेशिक मुद्राभन्दा अध्ययन, भ्रमण वा रोजगारका लागि विदेशिएका नेपालीले लगेको विदेशी मुद्राको अंश ठूलो छ। राजस्व लक्ष्यअनुरूप सङ्कलन भएको छैन। निर्यात साँघुरो छ। पैसा भएकाहरू न लगानी गर्नमा उत्साही छन्, न त खर्च गर्नमा उद्यत नै। अहिले सर्वसाधारणदेखि व्यवसायीसम्मको मनोबल खस्केको छ। बैंकको ब्याजदर केही घट्ने क्रममा हुँदा लगानी आकर्षित हुनुपर्ने हो तर मनोबल र सकारात्मक ऊर्जा नहुँदा आर्थिक गतिविधि निकै सुस्ताएको तीतो यथार्थ हाम्रोसामु छ।

हुनत अघिल्लो वर्ष सरकारले विदेशी लगानीको न्यूनतम सीमा पाँच करोडबाट घटाएर दुई करोडमा सीमित गरेसँगै सानो लगानी थपिने क्रम बढेको छ। देशमा हालसम्म विदेशी लगानीका छ हजार ३७ औद्योगिक परियोजना दर्ता भएका छन् भने त्यसमा चार खर्ब ६८ अर्ब लगानी प्रतिबद्धता आएको छ। प्रतिबद्धता अनुसार लगानी भित्रिने हो भने यी उद्योगबाट मात्र तीन लाखभन्दा बढी रोजगार सिर्जना हुन सक्छ। त्यसैले सरकारले पूँजीगत खर्च बढाउने क्षमताको विकास गर्नुपर्छ। लगानी बढाउन विदेशी दाता र मित्रराष्ट्रहरूले देखाइरहेका चासोलाई पूँजीमा परिणत गर्ने, स्वदेशी लगानीकर्ता, व्यवसायी र सर्वसाधारणको मनोबल उठाउँदै उत्पादनमूलक आर्थिक गतिविधिमा सामेल गराउने उपायहरू खोजी गरिनु अहिलेको आवश्यकता छ। नेपालको जल, जमीन, जङ्गल, जन, धन, सीप र श्रमलाई सङ्गठित, परिचालित र परिमार्जन गरेर आत्मनिर्भर अर्थतन्त्रको विकासमा जोड दिनुपर्छ। यसका लागि भ्रष्टाचारमाथि तीखो र चोटिलो प्रहार गरेर सुशासन, विकास एवं आर्थिक समृद्धिको पहिलो र बलियो आधार खडा गर्न सरकारको इमानदार प्रयासको खाँचो छ।

नेपाल आफैंमा प्रकृति पर्यावरण, संस्कृति पर्यटन, जलविद्युत्, कृषिमा सबल देश हो। हाम्रो जनसङ्ख्या र भूगोलको संयोजन मिलेको छ। जनसङ्ख्या भूगोल अनुसार धेरै नभएको हिसाबले हामीले चाहँदामा कृषि, फलफूल तथा दूध, माछा मासुमा सजिलै आत्मनिर्भर हुन सक्छौं। तर हामीसँग नभएको भनेको आत्मविश्वास र जाँगर हो। हामी विदेशमा पैसाका बोटहरू देख्छौं, खुशीहरू देख्छौं, सम्पन्नता देख्छौं तर आफ्नै स्वच्छ हावापानी भएको मुलुकमा केही देख्दैनौं। आफ्नो देशमा काम र श्रम गर्न हामीलाई लाज लाग्छ। परदेशमा दुई/चार डलरमा थाल प्लेट टिप्न, बाथरूम सफा गर्न ड्युटी गएको मान्छौं। तर हामी स्वदेशमा केही गर्दैनौं, विदेशमा सबै गर्छौं। त्यसैले हो, हामी पछि परेका छौं। वास्तवमा सबै दृष्टिकोणले हेर्दा उज्ज्वल आर्थिक सामाजिक भविष्यको शिरमा नेपाल छ। जलविद्युत् नेपालको समृद्धिको लागि सबैभन्दा ठूलो आधारशिला हो। विशेषगरी पछिल्ला दशकमा जलविद्युत् उत्पादनमा नै नेपालले धेरै प्रयत्न गरिरहेको छ। बैंक तथा वित्तीय संस्थाहरूले पनि जलविद्युत् कम्पनीहरूमा ठूलो लगानी गरिरहेका छन्। धेरैजसो वैदेशिक लगानी जलविद्युत् क्षेत्रमा नै केन्द्रित छ। अबको १२ वर्षमा २८ हजार मेगावाट बिजुली उत्पादन हुने आधार तयार भएको ऊर्जा मन्त्रालयको ठहर छ। हाल २८ सय मेगावाट बिजुली उत्पादन गरिरहँदा देशले वार्षिक १६ अर्बको बिजुली निर्यात गर्न थालिसकेको छ। करीब ८३ हजार मेगावाट विद्युत् उत्पादन क्षमता रहेको नेपालका नदीनालाबाट अब एक दशकभित्रमा कम्तीमा १२-१५ हजार मेगावाट बिजुली उत्पादन गर्न सकिने विज्ञको भनाइ छ। निर्माणाधीन केही आयोजनाहरू सम्पन्न हुने क्रममा छन्। सयौं आयोजना निर्माणका क्रममा छन्। कम्तीमा एक दशकबीच १५ हजार मेगावाट बिजुली मात्रै उत्पादन हुँदा पनि नेपालको अहिलेको ४०-४२ अर्ब डलरको जिडिपीलाई ठ्याक्कै डबल अर्थात् ८०-८५ अर्ब डलरको बनाउन सकिनेछ।

सरकारले भारतसँग आगामी १० वर्षमा दश हजार मेगावाट बिजुली लैजाने गरी दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी प्रारम्भिक सम्झौता गरिसकेको छ। भारतले हालसम्म ठूला र साना आयोजना गरी ५२ हजार मेगावाट बिजुली उत्पादन गरिसकेको र उसको जलविद्युत् उत्पादनको अरू विकल्प नगन्य रहेको बताइन्छ। त्यस कारण पनि भारत अबका दिनमा बिजुलीमा नेपाल निर्भर रहनुपर्ने देखिन्छ। यसैगरी, चीनले पनि नेपालसँग विद्युत् खरीद गर्ने सङ्केत दिइसकेको छ। बङ्गलादेशसँग सन् २०४० सम्ममा १० हजार मेगावाट बिजुली खरीद गर्नेगरी कुरा अघि बढिसकेको छ। यसरी नेपालको बिजुलीको बजार उज्ज्वल छ। त्यसैले निर्माणाधीन आयोजनाहरूलाई शीघ्र सम्पन्न गराउन र विद्युत् उत्पादन, प्रसारण लाइन विस्तार आदिका लागि आवश्यक लगानीको जोहो गर्न जरुरी छ। नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्षको पहिलो चार महीनामा १२ अर्ब ३७ करोड रुपैयाँ बराबरको बिजुली निर्यात गरेको छ। साउनमा दुई अर्ब १५ करोड, भदौमा तीन अर्ब ४८ करोड, असोजमा चार अर्ब चार करोड र कात्तिकमा दुई अर्ब ७० करोड रुपैयाँको बिजुली भारतीय बजारमा बिक्री भएको प्राधिकरणले जनाएको छ। विद्युत् निर्यातले नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न र देशको विदेशी मुद्रा सञ्चितिमा योगदान पुग्ने प्राधिकरणको भनाइ छ। प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ।

यसैगरी, नेपाल विश्वकै एक सुन्दर प्राकृतिक देश हो। पर्यटकीय हिसाबले नेपाल विश्वका प्रमुख १० गन्तव्यभित्र रहेको छ। विश्वका २८ अग्ला हिमालमध्ये सर्वोच्च शिखर सगरमाथासहित १४ ठूला हिमशृङ्खला नेपालमै छन्। आँखाले हेरेर नभ्याउने भीमकाय महाभारत पर्वतहरू नेपालमैं छन्। विश्वमैं दुर्लभ मानिने ७५० भन्दा बढी प्रजातिका पक्षीहरू नेपालमैं पाइन्छन्। दुर्लभ बाघ, भालु, चितुवा, हरिण, मृग, गैंडाहरू हेर्न यहाँ नै आउनुपर्छ। सयौं भाषा, भेष र संस्कृति यहीं छन्। फरक-फरक जलवायु पनि यहीं छ। अर्थात् नेपालमा अथाह पर्यटकीय सम्भावनाका स्रोत छन्। नेपालले अरू सब छोडेर पर्यटन क्षेत्रलाई मात्रै विश्वमाझ प्रवर्द्धन गर्ने र आवश्यक पर्यटकीय पूर्वाधार विकास गर्दै लैजाने हो भने समृद्धिको ढोका सहजै खुल्ने र विदेशी मुद्राको दुःख पनि नहुने अनुमान गरिएको छ। पर्यटन क्षेत्रकै लागि विश्वमा हाल ४०० बिलियन डलर लगानी भइसकेको छ। त्यसमा आधा खर्च चीन र अमेरिकाले गरेको बताइन्छ। लगानी उच्च भएकै कारण चीनमा बर्सेनि १० करोड बढी पर्यटक भित्रिन थालिसकेका छन्। त्यस्तै, भारतमा करोडभन्दा बढी मानिसले पर्यटन क्षेत्रमा रोजगार पाइरहेको अवस्था छ। राजनीतिक स्थायित्वकै कारण भारतमा पर्यटक आगमन बढेको बताइएको छ। पछिल्ला दशक पर्यटनमा सम्भावना देखेर नेपालमा पनि होटल क्षेत्रमा ठूलो लगानी भइरहेको छ। होटल तथा पर्यटन पूर्वाधारमा भइरहेको लगानी विस्तारले नेपालमा पर्यटन क्षेत्रबाट समृद्धिको उज्यालो देखिन थालेको छ।

त्यस्तै, नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले २३.९५ प्रतिशत योगदान गरेको देखिन्छ। अन्य क्षेत्रहरूको तुलनामा यस क्षेत्रले विप्रेषणपछि सबैभन्दा बढी योगदान गरेको तथ्याङ्क छ। कृषिमा आश्रित जनसङ्ख्या घटेर ५० प्रतिशतमा आइपुग्दा कुनै बेला कुल गार्हस्थ्य उत्पादनमा ५० प्रतिशतसम्म योगदान राख्ने कृषि क्षेत्रको योगदान अहिले खुम्चिएको हो। विगत केही वर्षयता नेपाल कृषिमा परनिर्भर भइरहँदा वार्षिक करीब चार खर्बको कृषिजन्य वस्तुको आयात गर्न थालेको छ। तर आधाभन्दा बढी कृषियोग्य जमीन बाँझो रहेको अवस्था पनि छ। सरकारले कृषिमा लगानी बढाएर सबै कृषियोग्य जमीनमा कृषि गर्ने वातावरण बनाउने हो भने कृषिमा देश आत्मनिर्भर हुन सक्छ। जसबाट विदेश गइरहेको पैसा रोकिन्छ र त्यसले पनि मुलुकको आर्थिक समृद्धिमैं सहयोग पुऱ्याउँछ। नेपालको औद्योगिक उत्पादन, पानी, औषधि, जडीबुटी तथा बहुमूल्य हिमाली वस्तुहरूको विशाल विदेशी बजार भारत तथा चीन नै हुन्। ती दुवै नेपालका मित्रराष्ट्र हुन्। तर नेपालमा कृषिमा आधारित, जल तथा जडीबुटीमा आधारित उद्यमीहरू जन्माउन जरुरी छ। त्यसमा लगानी बढाउन जरुरी छ। बजारको दृष्टिकोणले पनि नेपाल समृद्धिकै छेउछाउ छ। तर यतिमात्र हो, हामीले हिम्मत हार्नुहुँदैन। आफ्ना सबलता र सम्भावनाहरू आफैंले केलाएर अघि बढ्न जरुरी छ। विकास र समृद्धि, अवसर र खुशीहरू विदेशमा मात्रै छैन, नेपालमा झन् बढी छ। यसको सदुपयोग हामी नेपालीले गर्नुपर्छ। अनिमात्र नेपाल सबल आर्थिक समृद्धिको बाटोमा लाग्न सक्छ।



पर्साको ठोरी गाउँपालिका वडा नं ५ सुवर्णपुरमा लगाइएको तोरीबाली। तस्वीरः ओमप्रकाश चौधरी

# नेप्से परिसूचकको उकालो यात्रा तय

काठमाडौं, ७ मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार भने उकालो लागेको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक नौ दशमलव ८७ अङ्कले उकालो लागेर एक हजार ८६० दशमलव २० मा पुगेको छ।

ठूला कम्पनीका शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ७६ अङ्कले उकालो लागेर ३५६ दशमलव ९८ मा पुगेको छ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये तीन उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा १० उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ। कुल ४४ लाख २० हजार ५१८ कित्ता शेयर रु एक अर्ब ३४ करोड ८३ लाख ४७ हजार ४३० मूल्यमा खरीद-बिक्री भएका छन्।

कारोबारका आधारमा नबिल बैंक शीर्ष स्थानमा छ। सो बैंकको रु १३ करोड १० लाख ७६ हजार १०५ मूल्य बराबरको कारोबार भयो। यस्तै, सोनापुर मिनरल्स रु नौ करोड ५८ लाख १६९, सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेड रु पाँच करोड ४१ लाख ९८ हजार १८१, सिटिजन लाइफ इन्स्योरेन्स रु पाँच करोड ३० लाख ४४ हजार ४८५ र रिलायबल नेपाल लाइफ इन्स्योरेन्स रु पाँच करोड २१ लाख २७ हजार ७१४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार बुद्धभूमि नेपाल हाइड्रोपावर नौ दशमलव ९७, श्री स्टार हाइड्रोपावर आठ दशमलव ५८, सिक्लेस हाइड्रोपावर आठ दशमलव ५४, सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स आठ दशमलव २५ र सानिमा जिआइसी इन्स्योरेन्सका लगानीकर्ताले छ दशमलव ३१ प्रतिशतले कमाएका छन्।

यस्तै, नबिल बैंक आठ दशमलव २०, किसान लघुवित्त पाँच दशमलव ७८, सपोर्ट माइक्रोफाइनान्स पाँच दशमलव ३४, माहुली लघुवित्त चार दशमलव ५३ र हिमालयन लघुवित्तका लगानीकर्ताले तीन दशमलव ७३ प्रतिशतले गुमाएका छन्।

**ग्लोबल ...**

एक्सटेन्सन तथा राजस्व सङ्कलन काउन्टर तथा तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी एक हजार एक सयभन्दा बढी सेवाकेन्द्रबाट ४२ लाखभन्दा बढी ग्राहकमाझ उत्कृष्ट सेवा प्रदान गरिरहेको छ।

त्यसैगरी, आव २०७८/७९ मा सबैभन्दा बढी आयकर दाखिला गर्नेमा नेपाल दूरसञ्चार कम्पनी छ भने निर्यात कारोबार क्षेत्रमा डाबर नेपाल, विशेष उद्योगमा एशियन पेन्ट्स, कृषि तथा पशुजन्य उद्योगमा ओबिसी फूड्स एन्ड फ्रिड कम्पनी, सहकारी तथा लघुवित्तमा छिमेक लघुवित्त वित्तीय संस्था र बैंक तथा वित्तीय क्षेत्रतर्फ ग्लोबल आइएमई बैंक सम्मानित भएका छन्।

बीमा व्यवसायतर्फ लाइफ इन्स्योरेन्स कम्पनी नेपाल, स्वास्थ्य शिक्षा प्रदायक संस्थातर्फ नोबेल मेडिकल कलेज, पर्यटन व्यवसायतर्फ मनकामना दर्शन प्रालि, वस्तु व्यापारतर्फ भाटभटेनी सुपरमार्केट, रु ५० करोडदेखि एक अर्ब कर तिर्ने मध्यमस्तरीय करदातातर्फ नेपाल स्टक एक्सचेन्ज र ऊर्जा मुलुक उद्योगतर्फ भोटेकोशी जलविद्युत् कम्पनी सम्मानित भएका छन्।

विप्रेषण व्यवसायतर्फ आइएमई लिमिटेड, व्यक्तिगत आयतर्फ विजयकुमार शाह तथा संस्थागततर्फ सबैभन्दा बढी आयकर, मूल्य अभिवृद्धि, अन्तःशुल्क तिर्ने र पाँच वर्षसम्म मूल्य अभिवृद्धि कर समयमा दाखिला गर्ने विधामा सूर्य नेपाल प्रालि पनि सम्मानित भएका छन्।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**
चिकित्सकको नाम सम्पर्क नं. आबद्ध स्वास्थ्य सेवा
१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**
१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**
१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**
१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**
डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**
डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**
डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**
डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**
**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## मुजिबुर रहमानका हत्यारालाई क्यानडाबाट निर्वासन गरिने

नयाँ दिल्ली, ७ मङ्सिर/एएनआई

बङ्गलादेशका राष्ट्रपिता 'बङ्गबन्धु' शेख मुजिबुर रहमानका दोषी हत्यारा नुर चौधरी क्यानडामा स्वतन्त्ररूपमा बसेको नयाँ वृत्तचित्रमा सार्वजनिक भएपछि बङ्गलादेशले क्यानडासँग उनको निर्वासनका लागि नयाँ सिराबाट अपील गर्ने भएको छ ।

एएनआईसँग कुरा गर्दै क्यानडामा बङ्गलादेशका उच्चायुक्त खलिलुर रहमानले भने, "हामी चुप लागेर बसेका छैनौं, सिबिसी वृत्तचित्रमा नयाँ प्रमाणहरू आएपछि हामीले उनको चाँडै निर्वासनका लागि क्यानडा सरकारसँग नयाँ अपील गर्न गइरहेका छौं ।"

रहमानका अनुसार नुर चौधरी करीब २८ वर्षअघि सन् १९९६ मा क्यानडा गएका थिए र जघन्य अपराधमा दोषी हत्यारा भएपनि स्वतन्त्ररूपमा बस्दै आएका छन् । बङ्गलादेश सरकारले उनलाई निर्वासन गर्नका लागि विभिन्न उपाय खोजिरहेको छ ।

"हामीले सबै प्रकारले प्रयास गरिरहेका छौं र फैसलाको सामना गर्न उनलाई बङ्गलादेशमा निर्वासनमा पठाउन क्यानडा सरकारसँग अनुरोध गर्दैछौं, यो न्यायिक प्रक्रिया अत्यन्त पारदर्शी र भयमुक्त रहेको छ, एमनेस्टी इन्टरनेशनलले पनि अभियुक्तहरूलाई निर्दोष बनाउने अवसरका लागि सबै सुविधा दिइएको प्रमाणित गरेको छ," उनले भने ।

रहमानले मानव अधिकारको नाममा 'दोहोरो मापदण्ड'का लागि क्यानडा र अन्य विकसित मुलुकहरूमाथि प्रश्न गरेका छन् ।

"हाम्रा मित्रहरू (क्यानडा) वास्तवमा हाम्रा चिन्ताहरूको कदर गर्ने प्रयास गर्दैनन् र यो नै हाम्रो समस्या हो, क्यानडा र अन्य केही विकसित देश सबै मानव आहारको संरक्षण र संवर्द्धनको कुरा गर्छन्," उनले भने, "यी नुर चौधरीले मानवताविरुद्धको अपराधका साथै मानव अधिकारहरूको उल्लङ्घन गरेका छन्, अझै पनि उनीहरूले उनको संरक्षण गरिरहेका छन्, उनीहरू एउटा हत्याराको संरक्षण गरिरहेका छन् तर पीडित र पीडितका परिवारहरूसँग न्याय गरिरहेका छैनन्, यो वास्तवमा दोहोरो मापदण्ड हो ।" उच्चायुक्त रहमानले नुर चौधरीलाई निर्वासनका लागि क्यानडा सरकारसमक्ष नयाँ अपील गर्ने तयारी गरिरहेको जानकारी दिए ।

"उनी त्यो घरमा बस्छन् भन्ने हामीलाई थाहा थियो तर कहिल्यै उनी क्यामरामा देखिएनन्, त्यसैले उनी क्यामरामा देखिनु क्रान्ति मात्र थियो, हामी निष्क्रिय बनेका छैनौं, प्रत्येक दिन, प्रत्येक क्षण हामीले यो मामिलालाई उठाइरहेका छौं, क्यानडाली अधिकारीहरूले पछिल्लो २८ वर्षदेखि कसलाई आतिथ्यता गरिरहेका छन् भनेर यो सिबिसी वृत्तचित्रमार्फत उनीहरू (क्यानडाली अधिकारी) सबैलाई थाहा छ," उनले भने, "त्यसैले हामी प्रत्येक व्यक्तिसम्म पुग्नेछौं र बङ्गलादेशमा उनको निर्वासनका लागि क्यानडा सरकार एउटा अर्थपूर्ण संवाद गर्न बस्नुपर्छ भनेर नयाँ अपील गर्नेछौं ।" रासस

## हात्तीले पाँचवटा घर भत्कायो


तस्वीरः प्रतीक

प्रस, पंचगावाँ, ७ मङ्सिर/

पटेर्वासुगौलीमा हात्तीले पाँचजनाको घरमा क्षति पुऱ्याएको छ ।

बुधवार राति राष्ट्रिय जङ्गलबाट आएको हात्तीहरूको बथानले पटेर्वासुगौली गापा–४ पथलहवाघाट निवासी मेघनाथ, राजदेव, दशैं राम, आशा माझीसमेत पाँचजनाको फुसको घरमा क्षति पुऱ्याएको थियो ।

घरमा रहेका खाद्यान्न पनि हात्तीले नष्ट गरेको स्थानीय गणेश माझीले बताए । हात्ती धपाउन पटाका पड्काउनुपरेको वीरबहादुर रामले बताए ।

उनले तत्कालै स्थानीय प्रहरी र वन कर्मचारीसँग सहयोग माग गरे पनि उनीहरूको उपस्थिति ढिलो गरी भएको भन्दै गुनासो व्यक्त गरे ।

### छठ पूजा व्यवस्थापन समिति मुर्ली-१२, द्वारा आयोजित चिठाको नतीजा-२०८०

प्रथम पुरस्कारः १२८५८, दोस्रो पुरस्कारः १२२६५, तेस्रो पुरस्कारः १११६२, चौथो पुरस्कारः ११६७, पाँचौं पुरस्कारः ५४९३, १०१९१, छैटौं पुरस्कारः १२०५८, १३९१, ९३४८, ३४०९, सातौं पुरस्कारः ८४४९, १०४७१, १२४५७, २०७७, १०९६५, आठौं पुरस्कारः १२०८९, १२७१३, १५४६, ९६८७, १२३५५, नवौं पुरस्कारः ६५५५, ५६६७, १०७६६, १००१०, ८४१८, दशौं पुरस्कारः ८१८८, ३३८२, १०४०६, ११७०२, ६११४, १२१४५, ८१२७, ५८०८, ६९०१, ११६१६, ८६५१, ९७२६, ९८४२, ९८२६, ९५११, १२४४७, ४०१४, ६३९०, १०५५८, ११६५०, ९५७७, ९९२१, ६३२९, १५३७२, १००११, ३०९१, ८३५९, १२३५६, ९९१५, २८६५, ९४५२

**आयोजक श्री छठ पूजा व्यवस्थापन समिति, मुर्ली, वीरगंज-१२, पर्सा**

**ऊर्जा.......**

मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखिएकोले तत्काल विद्युत् खरीद सम्झौता (पिपिए) गर्न माग गरे । उनले संसद्मा विचाराधीन विद्युत् विधेयकका केही प्रावधान निजी क्षेत्रमैत्री नभएकाले त्यसमा सुधारको जरुरी रहेको बताए ।

## जीराभवानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
सेढवा, पर्सा
मधेस प्रदेश, नेपाल

### करार सेवामा कर्मचारी भर्नासम्बन्धी सूचना

पहिलोपटक प्रकाशित मितिः २०८०/०८/०८ गते शुक्रवार

यस गाउँपालिकाको लागि देहायबमोजिमका पदहरूमा करारमा कर्मचारी नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आफ्नो व्यक्तिगत विवरण, नागरिकता प्रमाणपत्र र तपसिलमा उल्लेख भए अनुसारको शैक्षिक योग्यता, तालीम तथा अनुभवका प्रमाणपत्रहरू संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र उम्मेदवार स्वयम् उपस्थित भई रीतपूर्वक फाराम भरी गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | माग सङ्ख्या | दस्तुर | आवश्यक योग्यता |
|---|---|---|---|---|
| १/२०८०/८१ | सूचना प्रविधि अधिकृत/छैटौं तह | १ (एक) | १०००/- | - लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर वा Information and Communication Technologies वा सो सरहका विषयहरूमध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BELT, BSc. IT, BSc. CSIT) गरेको ।<br>- उमेर २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । |
| २/२०८०/८१ | रोजगार संयोजक/छैटौं तह | १ (एक) | १०००/- | - मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको ।<br>- आधारभूत कम्प्युटर सीपसम्बन्धी कम्तीमा तीन महीनाको तालीम लिएको ।<br>- उमेर २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । |
| ३/२०८०/८१ | रोजगार संयोजक/पाँचौं तह | १ (एक) | ७००/- | - मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको ।<br>- आधारभूत कम्प्युटर सीपसम्बन्धी कम्तीमा तीन महीनाको तालीम लिएको ।<br>- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |
| ४/२०८०/८१ | अनमी | ३ (तीन) | ५००/- | - अनमी उत्तीर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको ।<br>- SBA तालीमप्राप्त ।<br>- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |
| ५/२०८०/८१ | अहेब | ३ (तीन) | ५००/- | - अहेब उत्तीर्ण गरी Nepal Health Professional Council मा दर्ता भएको ।<br>- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |
| ६/२०८०/८१ | सहायक कम्प्युटर अपरेटर | ५ (पाँच) | ५००/- | - मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई SLC वा सो सरह उत्तीर्ण गरेको वा मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई SLC उत्तीर्ण गरी रजिस्टर्ड संस्थाबाट कम्तीमा तीन महीनाको कम्प्युटर तालीम प्राप्त गरेको ।<br>- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |
| ७/२०८०/८१ | कार्यालय सहयोगी | ३ (तीन) | ३००/- | - साधारण लेखपढ गर्न जानेको ।<br>- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । |

दरखास्त पाइने र बुझाउने स्थान :- गाउँ कार्यपालिकाको कार्यालय, सेढवा, पर्सा ।
करार अवधि : २०८१ असार मसान्तसम्म ।
सेवासुविधा : सम्झौता तथा शर्तमा उल्लेख भएबमोजिम ।
छनोट प्रक्रिया : सूचना प्रविधि अधिकृतको हकमा वस्तुगत परीक्षा र अन्तर्वार्ता ।
: रोजगार संयोजकको हकमा रोजगार संयोजकको पदपूर्ति तथा सेवासुविधासम्बन्धी मापदण्ड २०७६
: रोजगार सहायकको हकमा स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्तिसम्बन्धी मापदण्ड २०७८ ।
: अनमी र अहेबको हकमा लिखित परीक्षा र अन्तर्वार्ता ।
: सहायक कम्प्युटर अपरेटरको हकमा लिखित परीक्षा ।
: कार्यालय सहयोगीको हकमा अन्तर्वार्ता ।
अन्तिम मिति नोट : २०८०/०९/०८ गते आइतवारसम्म ।
नोटः : स्थानीय तथा अनुभवीलाई प्राथमिकता दिइनेछ ।
अन्य कुरा बुझ्नको लागि प्रशासन प्रमुख श्री रामप्रवेश यादव (९८५४०३२०५८)लाई सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

### प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग-८) आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८०/०८/०८)

मधेस प्रदेश, पर्सा जिल्ला, पर्सागढी नगरपालिकामा प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग–८)द्वारा निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग–८)<br>पर्सागढी नगरपालिका–३, पर्सा, नेपाल<br>इमेलः prabhat.bhandari@nimbusnepal.com<br>फोनः ९८०२३२४११० |
| प्रस्तावको बेहोरा | वार्षिक ११४० MT Extruded snacked foods, २२८ MT Cheese balls, ६००० MT Soya Nugget र ५८८० MT Snack food (Byanjan Khaja) उत्पादन गर्ने उद्देश्यले उद्योग स्थापना गर्न लागिएको |
| प्रभाव पर्न सक्ने जिल्ला नपा/गापा | पर्सा जिल्ला, पर्सागढी नगरपालिका, वडा नं ३ |
| कित्ता नं | १५१७, १५२०, ७१०, ७११, १५१३, १५१६, १५१९, १५१४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न सो स्थानका नपा र गापा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाका लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगानाः**

पर्सागढी नगरपालिका, वडा नं ३ को कार्यालय
प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग–८)<br>पर्सागढी नगरपालिका, वडा नं ३, पर्सा, नेपाल<br>इमेलः prabhat.bhandari@nimbusnepal.com<br>फोनः ९८०२३२४११० |
| परामर्शदाताको नाम र ठेगाना | एसएमएस इन्भाएरोमेन्ट एन्ड इन्जिनीयरिङ प्रा. लि.<br>महालक्ष्मी नगरपालिका–१, इमाडोल, ललितपुर, नेपाल<br>इमेलः smseenepal@gmail.com<br>फोनः ०१–५२००४८३ |

### प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग-९) आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८०/०८/०८)

मधेस प्रदेश, पर्सा जिल्ला, पर्सागढी नगरपालिकामा प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग–९)द्वारा निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग–९)<br>पर्सागढी नगरपालिका–३, पर्सा, नेपाल<br>इमेलः prabhat.bhandari@nimbusnepal.com<br>फोनः ९८०२३२४११० |
| प्रस्तावको बेहोरा | वार्षिक ५७६० MT Atta, १२० MT Chakla (Bhusi), ७५०० MT Grit Production, ६००० MT Flour Production, १२०० MT Germ उत्पादन गर्ने उद्देश्यले उद्योग स्थापना गर्न लागिएको |
| प्रभाव पर्न सक्ने जिल्ला नपा/गापा | पर्सा जिल्ला, पर्सागढी नगरपालिका, वडा नं ३ |
| कित्ता नं | १०११, १०१२, ५, ६, ४, १०१०, १००९, १ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न सो स्थानका नपा र गापा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाका लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगानाः**

पर्सागढी नगरपालिका, वडा नं ३ को कार्यालय
प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग–९)<br>पर्सागढी नगरपालिका, वडा नं ३, पर्सा, नेपाल<br>इमेलः prabhat.bhandari@nimbusnepal.com<br>फोनः ९८०२३२४११० |
| परामर्शदाताको नाम र ठेगाना | एसएमएस इन्भाएरोमेन्ट एन्ड इन्जिनीयरिङ प्रा. लि.<br>महालक्ष्मी नगरपालिका–१, इमाडोल, ललितपुर, नेपाल<br>इमेलः smseenepal@gmail.com<br>फोनः ०१–५२००४८३ |

# सहकारीले जनविश्वास गुमाउँदैछ –सांसद चौरसिया

प्रस, पर्सागढी, ७ मङ्सिर/

पर्सागढी नगरपालिका–४ स्थित सहयात्री बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं साधारणसभा सम्पन्न भएको छ।

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं सांसद अजय चौरसियाले बुधवार सहकारीको वार्षिक साधारणसभा उद्घाटन गर्दै सहकारीप्रति आम जनविश्वास गुमिरहेको बेलामा सहयात्री बचतले आफ्नो गरिमा कायम राख्न सफल भएकोमा प्रशंसा गरे। उनले एक करोडबाट सवा छ करोड पूँजी वृद्धि गर्नु संस्थाको उपलब्धि भएको भन्दै यसको व्यवस्थापकीय संवेदनशीलतामा ऱ्हास आउन नदिन सुझाव दिए।

उनले जनताको पैसा जनतामा फिर्ता हुनेगरी सहकारीले व्यवस्थापन गर्न सकेको खण्डमा यसको प्रभावकारिता बढ्ने तर केहीले अहिले देशभर सहकारीको नाममा जनताको पैसा लुट्ने कार्य गरिरहेको भन्दै त्यस्ता कार्य हुन नदिन सतर्क रहनुपर्ने भन्दै सुझाए। उनले दुर्गा प्रसाईंजस्ता व्यक्तिहरूले बैंकबाट छ अर्बभन्दा बढी ऋण उठाएको र अहिले सो रकम तिर्न नपरोस् भनेर विभिन्न खाले प्रपञ्च रचेको आरोप लगाए। ऋण लिनेले



तस्वीरः प्रतीक

ऋण नतिर्ने हो भने देशको अवस्था जर्जर हुने भएकोले अहिलेको आर्थिक अवस्था कमजोर हुनुमा प्रसाईंजस्ता व्यक्तिहरू रहेको आरोप लगाए।

प्रदेशसभा सदस्य श्याम पटेलले सहयात्री बचतले शुरूदेखि राम्ररी काम गरिरहेको भनी प्रशंसा गरे। उनले अदालतको कारण संसदीय कोष सञ्चालनमा आउन नसकेको र आएको खण्डमा सहकारीको अधूरा भवन निर्माण कार्य सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गरे।

पर्सागढी नपाका प्रमुख गोकर्ण पाठकले पर्सा जिल्लाकै सहकारीमध्ये सहकारी उत्कृष्ट रहेको दाबी गरे। उनले सहकारीको विकासको लागि आफूहरू गम्भीर रहेको बताए।

कार्यक्रममा सहयात्री बचतका अध्यक्ष गोमाकुमारी उप्रेतीले वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन्। उनकै अध्यक्षतामा भएको कार्यक्रममा नेरेसो मधेस प्रदेशका अध्यक्ष फूलमहमद मियाँ, पर्सा जिल्ला सहकारी संस्थाका अध्यक्ष राजेश पडित, सयपत्री बचतका व्यवस्थापक वीरेन्द्रराज कँडेल, पूर्ववडाध्यक्ष वेदमनदास थारूलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा प्रतिमा मानन्धरले स्वागत र शिवनाथ यादवले सहजीकरण गरेका थिए।

# खेलकूदको संसार

## अन्तर्राष्ट्रिय माउन्टेन बाइक रेस शुरू

कास्की, ७ मङ्सिर/रासस

गण्डकी प्रदेशको राजधानी शहर पोखरामा बिहीवारदेखि 'एन्डचुरो अन्तर्राष्ट्रिय माउन्टेन बाइक' प्रतियोगिता शुरू भएको छ। पोखरा महानगरपालिका–१३ स्थित आर्बा–विजयडाँडामा आगामी मङ्सिर ९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालसहित ११ देशका ५५ जना खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्।



तस्वीरः रासस

सहभागी खेलाडीमा पाँचजना महिला छन्। साहसिक खेल पर्यटनका लागि प्रख्यात पोखरामा प्रतियोगिताबाट विश्वभरका साहसिक माउन्टेन बाइकप्रेमीलाई आकर्षित गर्ने विश्वास लिइएको छ। माउन्टेन बाइक कम्पनी डन टिल डस्कको आयोजनामा प्रतियोगिता समुद्री सतहबाट एक हजार ३६० मिटर उचाइमा रहेको आर्बा–विजयडाँडामा शुरू भएको हो। प्रतियोगिताको लागि पाँचवटा रूट तय गरिएको छ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सिङ्गापुरका खेलाडी वेलसोन लोलाई नम्बर प्लेट दियर प्रतियोगिताको उद्घाटन गरे। इलिट पुरुषतर्फ जुनियर (१२–१८ वर्ष), मास्टर्स 'क' (३०–३९ वर्ष), मास्टर्स 'ख' (४०–४९ वर्ष), भेट्रान (५० वर्षमाथि), महिला ओपन तथा ईबाइक गरी सात विधामा प्रतिस्पर्धा सञ्चालन गरिने प्रतियोगिताका निर्देशक सुनीलचन्द्र शर्माले जानकारी दिए।

प्रतियोगिताको इलिट पुरुषतर्फको विजेताले नगद रु ५० हजार उपविजेताले रु ३० हजार र तृतीय हुनेले रु २० हजार पुरस्कार प्राप्त गर्नेछन्। महिलातर्फ सोही इभेन्टमा विजेतालाई रु ३५ हजार, उपविजेतालाई रु २५ हजार र तृतीय हुनेलाई रु १५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

पोखरा महानगर प्रमुख आचार्यले पोखरालाई खेल पर्यटनको राजधानीका रूपमा विकास गर्नका लागि खेलकूद प्रतियोगितालाई सहयोग गर्दै आएको बताए। "पोखराको पर्यटन प्रवर्द्धनका लागि महानगरले योजना बनाएर काम गर्दै आएको छ," आचार्यले भने, "प्राविधिक हिसाबले आर्बा–विजयडाँडा प्रतियोगिता सञ्चालनका लागि उपयुक्त भएपछि छनोट गरेका हौं।"

# मुलुक संरक्षण गर्ने अभिभारा नेपालीको काँधमा –विष्ट

प्रस, वीरगंज, ७ मङ्सिर/

राष्ट्र शक्तिका अध्यक्ष केशरबहादुर



तस्वीरः सौजन्य

विष्टले सम्पूर्ण राष्ट्रवादी एकजुट हुनुपर्ने समय आइसकेको बताएका छन्।

राष्ट्रिय नागरिक सङ्घर्ष समितिले आयोजना गरेको अहिंसक जनआन्दोलन परिचालन समिति गठन र कार्यगत एकताको लागि छलफल कार्यक्रममा उनले राष्ट्र, राष्ट्रियता र बौद्धिक सनातन राजासहितको अधिराज्यको माग गरे। उनले पृथ्वीनारायण शाहले अर्जेको मुलुकको संरक्षण गर्ने अभिभारा नेपालीहरूको काँधमा रहेको बताए।

राष्ट्रिय सरोकार मञ्च नेपालका अध्यक्ष सोमविक्रम सिंहले राष्ट्र र राष्ट्रियताको जगेर्ना जस्तोसुकै परिस्थितिमा गर्न तयार रहने बताए।

राष्ट्रिय नागरिक सङ्घर्ष समितिका संयोजक नरेशबहादुर सिंहको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डरी, देवेन्द्रलाल नेपाली, पूर्वराजदूत कमलप्रसाद कोइराला, राष्ट्रिय सरोकार मञ्च नेपाल नारायणीका नन्दकिशोर गोयल, मकबुल मियाँ बढई, ज्येष्ठ नागरिक सङ्घका पशुपति विक्रम शाह, उषा शाह, राष्ट्रिय नागरिक सङ्घर्ष समितिका प्रवक्ता हीराबहादुर चन्दलगायतले मन्तव्य राखेका थिए।

यसैगरी, नेपाल राष्ट्रवाद सङ्घ पर्साले आज वीरगंजमा विरोध जुलूस प्रदर्शन गरेको छ।

हिन्दू राष्ट्रसहित राजसंस्था पुनर्स्थापनाको माग गर्दै वीरगंजको घण्टाघरबाट निकालिएको विरोध जुलूसले नगरका विभिन्न भाग परिक्रमा गरेको थियो।

# गरीब दलित बालबालिकालाई शैक्षिक सामग्री वितरण

प्रस, वीरगंज, ७ मङ्सिर/

हेल्पिङ लाइभ्स लन्डनको आर्थिक सहयोग तथा इन्टरनेशनल युथ सोसाइटी नेपालको समन्वय र पिस फर दलित्स फाउन्डेशन नेपाल मधेस प्रदेश, पर्साको सहजीकरणमा जिल्लाका अतिविपन्न, गरीब, मुस्लिम, दलित, बालबालिकाका लागि शैक्षिक सामग्री तथा आहार वितरण कार्यक्रम सम्पन्न भएको छ।

हेल्पिङ लाइभ्स लन्डनका संस्थापक अध्यक्ष जावेद अख्तर, इन्टरनेशनल युथ सोसाइटी नेपालका अध्यक्ष डा पियारत्न


तस्वीरः प्रतीक

महर्जनलगायतको टोलीले पर्सा जिल्लाका वीरगंज मनपा–१९ विन्ध्यवासिनी, केहुनिया र सखुवाप्रसौनी गापा–३ कौवा वनकटैया र वडा नं ५ महुवनमा गरी ५६० जना अतिविपन्न, मुस्लिम, दलित बालबालिकाहरूलाई शैक्षिक सामग्री र आहार वितरण गरेको थियो।

छवटा कापी, दुईवटा कलम, तीनवटा सीसाकलम, दुईवटा कटर, इरेजर, चारवटा चाउचाउ र बिस्कुट वितरण गरिएको पिस फर दलित्स फाउन्डेशनका अध्यक्ष मनोज रामले बताए।

दलित अभिभावक सङ्घकी अध्यक्ष उर्मिलादेवी मुसहरको अध्यक्षतामा भएको कार्यक्रममा नीना राई, रिजना चौलागाईं, दलित दबाब समूहका अध्यक्ष चोकट राम, नीलावती देवी, दीपेन्द्र राम, श्रीकान्ति देवी, संयोग राम, अशोक राम, श्रवण साह तेली, विनोद रामलगायतको सहभागिता थियो।

# पूर्णिमा मेलाको लागि समिति गठन


तस्वीरः प्रतीक

प्रस, पर्सागढी, ७ मङ्सिर/

पर्सागढी नगरपालिका–३ आमोदेवीमा यस वर्षको पूर्णिमामा लाग्ने मेलाको लागि समिति गठन भएको छ। वडाध्यक्ष सुकमान तामाङको अध्यक्षतामा बसेको बैठकले उनकै अध्यक्षतामा २७ सदस्यीय मेला व्यवस्थापन समिति गठन गरेको छ।

समितिमा अर्का वडाध्यक्ष शेख खुर्सेद उपाध्यक्ष, कुसुमदास थारू सचिव, सर्बत दास थारू कोषाध्यक्ष र जङ्गबहादुर दास थारू, प्रवीण लामालगायत सदस्य रहेका छन्। पर्सा जिल्लाका सात स्थानमा पूर्णिमाको दिन मेला लाग्छ।

आमोदेवी, कोइलाभार, सुगीभार, चैलाभार, कानाभार, गादीमाई र बाराको करैयामाईमा पूर्णिमा मेला लाग्ने गरेको छ।

यस वर्ष मङ्सिर १० र ११ गते दुई दिन पूर्णिमा परेको छ।

## महादेव मावि ...

गरिएको थियो।

विद्यालयका प्रधानाध्यापक वीरेन्द्र यादवले शिक्षक अभावको कारण मावि तहको अध्यापन बन्द गर्नुपरेको बताए। उनले गापाले पाँचजना शिक्षक करारमा पठाउँदा मावि तहसम्मको कक्षा सञ्चालनमा आएको तर पछि उनीहरूको म्याद थप नभएको र नयाँ शिक्षकहरूको सम्बन्धमा अदालतमा मुद्दा परेपछि शिक्षक अभावमा प्रावि तहको मात्र अध्यापन गराउनुपरेको बताए। उनले हाल विद्यालयमा तीनजना मात्र स्थायी शिक्षक रहेका र उनीहरूबाट सबै कक्षा सञ्चालन गर्न सम्भव नहुँदा प्रावि तहको कक्षा मात्र सञ्चालनमा ल्याएको र मावि तहको कक्षा बन्द गर्नुपरेको बताए।

उनले ६ देखि १० सम्म मावि तहको कक्षा बन्द गर्दा तीन सयजना विद्यार्थी प्रभावित भएका र उनीहरूलाई अन्यत्र विद्यालयमा अध्ययनको लागि स्थानान्तरण गरिएको बताए। प्रअ यादवले गापाको अकर्मण्यताको कारण विवाद सिर्जना भएको र यसको समाधान जनप्रतिनिधिहरूले गर्न नसकेको आरोप लगाए।

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## अल्जाइमर्सका बिरामीलाई सहयोग गरौं

- अल्जाइमर्स प्रायः ज्येष्ठ नागरिकमा देखिने रोग हो।
- वंशज, धूमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ।
- यो रोगको प्रारम्भमा बिस्तारै बिर्सिंदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन्।
- रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरीकासमेत बिर्सने लक्षण देखिन सक्छ।
- यस्ता बिरामीलाई सहयोग गरौं, एक्लै नछोडौं र चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड